**आगलागीबाट सावधानी अपनाऔं**

निम्न कारणबाट आगलागी हुन सक्छ,

- आगोको प्रयोगमा होशियारी नअपनाउँदा।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरीबतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
- चटचाङ पर्दा तथा बिजुलीको तार सर्ट हुँदा। त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com





Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ चैत १९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 02 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२१


## उपप्रमुखका दाबेदारहरू पनि कम छैनन्

धर्मेन्द्र चौरसिया, पोखरिया, १८ चैत/

स्थानीय चुनाव घोषणा भएसँगै प्रमुख, उपप्रमुख, वडाध्यक्ष, वडासदस्य पदमा चुनाव लड्नेहरूको चर्चा शुरू भएको छ।

अहिले चोक-चोक, चियापसल, कार्यालय र मानिस भेला भएर गफ गर्ने सबैखाले पसल, कार्यालयहरूमा चुनावकै चर्चा छ। को कुन पार्टीबाट उठ्ने, कसले कति पैसा खर्च गर्छ, कसले जित्छ, को हार्छ ? यस्तै चर्चा-परिचर्चा शुरू छ।


शान्ति कार्की | सलमा खातुन | उषादेवी थरुनी | ममता महतो


अर्चना चौधरी | रम्भा मिश्र | गोकुली रेग्मी | पिङ्की यादव


कुन्तीदेवी | वीणादेवी | आशादेवी | कविता पञ्जियार

स्थानीय चुनावकै सेरोफेरोमा पर्सा जिल्लाको चौधवटा पालिकामा उपप्रमुखका दाबेदारको सङ्ख्या पनि बढ्दो छ।

वीरगंज महानगरपालिकाको उपप्रमुखमा विजयी नेपाली काङ्ग्रेसकी शान्ति कार्कीले पुनः उम्मेदवारी दिने घोषणा गरेकी छन्। यो पार्टीबाट किरण सरकार, भवानी घिमिरेको पनि दाबेदारी रहेको छ।

गत स्थानीय चुनावमा कार्कीपछि दोस्रो स्थानमा आएकी पिङ्की यादव पनि जसपाबाट चुनाव लड्दै छिन्। यसैगरी, गत चुनावमा राजपाबाट पराजित रम्भा मिश्र यसपटक लोसपाबाट चुनाव लड्ने भएकी छन्। एमालेबाट पराजित सोफिया आचार्य नेकपा एकीकृत समाजवादी पार्टीमा लागेकोले उनको उम्मेदवारीको टुङ्गो छैन। एमाले र नेकपा माओवादी केन्द्रले वीरगंज महानगरमा उपप्रमुखको नाम चर्चामा ल्याउन सकेका छैनन्।

पोखरिया नगरपालिकामा तत्कालीन मधेसी जन अधिकार फोरमबाट विजयी सलमा खातुन जनता समाजवादी पार्टीबाट चुनाव लड्ने भएकी छन्। लोकतान्त्रिक समाजवादी पार्टीबाट आशादेवी र नेपाल सुशासन पार्टीबाट वीणादेवीको नाम पोखरिया नपामा चर्चा छ।

पर्सागढी नगरपालिकामा नेकाबाट विजयी अर्चना चौधरीसँगै सोही पार्टीकी जुनुमाया बलले पनि दाबेदारी गरेकी छन्। एमालेबाट पूजा चौधरी र जनता समाजवादी पार्टीबाट ममता यादवको नाम चर्चामा छ।

ठोरी गाउँपालिकामा नेकपा माओवादी केन्द्रबाट विजयी शान्तिमाया थिङको नाम पुनः चर्चामा छ। यसैगरी एमालेबाट गोकुली रेग्मीको दाबेदारी देखिएको छ। गत चुनावमा दुवैजना लडेका थिए।

पटेर्वासुगौलीमा पनि उपप्रमुखका आकाङ्क्षीहरू बढी देखिएका छन्। नेकाबाट विजयी ममता महतोसँगै सोही पार्टीका आसमोहनीदेवीले दाबेदारी गरेकी छन्। यसैगरी नेपाल सुशासन पार्टीबाट कविता पञ्जियार र एमालेबाट मन्तुरा देवीको नाम चर्चामा छ।

जीराभवानी गापाबाट एमालेबाट विजयी उषादेवी थरूनीको नाम चर्चामा छ भने नेकाबाट उपप्रमुखमा रेखा चौधरी, सरिता चौधरी र प्रतिमा खवासको नाम चर्चामा छ।

यसबाहेक गत स्थानीय चुनावमा उपप्रमुखमा बहुदरमाई नपाबाट गायत्री देवी, विन्ध्यवासिनी गापाबाट किरण देवी, जगरनाथपुर गापाबाट बिस्मिल्लाह खातुन, पकाहामैनपुरबाट कुसुमीदेवी, धोबिनीबाट पारस पटेल, कालिकामाई गापाबाट राजेश चौरसिया, सखुवापरसौनीबाट फूलमतीदेवी चौधरी र छिपहरमाई गापाबाट मदिना खातुन निर्वाचित भएका थिए।

यी पालिकाहरूमा पनि उपप्रमुखका लागि आकाङ्क्षीहरू बढिरहेका छन्।

## निजामती कर्मचारी ऐनविपरीत प्रमुख प्रशासकीय अधिकृतहरूको सरुवा

प्रस, वीरगंज, १८ चैत/

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अदूरदर्शिताका कारण पर्सा जिल्लामा प्रमुख प्रशासकीय अधिकृतहरूको सरुवा क्रम रोकिएको छैन।


प्रमुख प्रशासकीय अधिकृत अमित गिरी र अशोक रौनियार | राजु साह

निजामती कर्मचारी ऐनमा पदस्थापन भएको दुई वर्षमा सरुवा गर्नुपर्ने नियम रहे पनि सो नियमलाई मन्त्रालयले धोती लगाएर पर्सा जिल्लामा दिनैपिच्छे प्रमुख प्रशासकीय अधिकृत परिवर्तन गरिरहेको छ। यो मन्त्रालय अहिले जनता समाजवादी पार्टीका तर्फबाट राजेन्द्रप्रसाद श्रेष्ठले सञ्चालन गरिरहेका छन्। मन्त्री श्रेष्ठले मधेस प्रदेशको जिम्मेवारी स्वकीय सचिव दिलीप पटेललाई जिम्मा दिएका छन्। पटेलले पर्सा, बारा, रौतहट, सर्लाहीमा प्रमुख प्रशासकीय अधिकृतहरू परिवर्तन गर्ने कुरामा निजामती कर्मचारी ऐनलाई धोती लगाइदिएका छन्।

पर्सा जिल्लाको हकमा चैत १४ गते कृष्णानन्द रायलाई जगरनाथपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मा दिइएको छ। यस अघि फागुन १५ गते सो गापाका प्रमुख प्रशासकीय अधिकृतको जिम्मा राज कुशवाहालाई दिइएको थियो। एक महीनामा दुईजना प्रमुख प्रशासकीय अधिकृत परिवर्तन भएका हुन्।

धोबिनी गापामा रहेका जयचन्द साहलाई एक महीनामैं परिवर्तन गरी त्यहाँ राजु साहलाई नियुक्त गरिएको छ। हाल कालिकामाई गापाको प्रमुख प्रशासकीय अधिकृत रहेका अमित गिरीलाई विन्ध्यवासिनी गापाबाट दुई सातापछि नै सरुवा गरिएको थियो।

एक महीना अगाडि छिपहरमाई गापामा सरुवा भएका अशोक रौनियारलाई एक साता अघि पोखरिया नगरपालिकाको जिम्मा दिइएको छ। रौनियारलाई अहिले हाजिरी गर्न दिइएको छैन र पोखरिया नपामा एक पक्षले तालाबन्दी गरेको छ। पोखरिया नपामा यस अघि सन्देश यादव प्रमुख प्रशासकीय अधिकृत थिए। उनले पोखरियासँगै पटेर्वासुगौली गापा पनि हेर्दै आएका थिए। अहिले रौनियार पोखरियामा आएपछि उनी पटेर्वासुगौली हेर्दै आएका छन्।

यस अघि पर्सा जिल्लामा दुईवटा पालिका एकैजना प्रमुख प्रशासकीय अधिकृतबाट पनि हेर्ने काम भइरहेको थियो।

निजामती कर्मचारीहरूको हकमा पर्सा जिल्लामा अहिले एकीकृत सरकारी कर्मचारी सङ्घ, मधेस निजामती कर्मचारी मञ्च, निजामती कर्मचारी सङ्गठन, निजामती कर्मचारी युनियन र राष्ट्रिय कर्मचारी सङ्गठन नेपाल कार्यरत छन्। उनीहरूले यसरी निजामती कर्मचारी ऐनविपरीत कर्मचारीहरूलाई सरुवा गरेको विरोधमा विभिन्न चरणमा ज्ञापनपत्र दिंदै आएका छन् तर त्यसको सुनवाइ भएको छैन।

स्थानीय चुनाव वैशाख ३० गते तोकिएपछि चैत १५ गतेदेखि आचारसंहिता लागू हुने भनिएको थियो। आचारसंहिता लागू हुनु अगावै मन्त्रालयले पुनः कर्मचारीहरूको सरुवा गर्न सक्ने भनेर पर्सा जिल्लाका आधा प्रमुख प्रशासकीय अधिकृतहरू काठमाडौंमा डेरा जमाएर बसेका थिए। तर निर्वाचन आयोगले चैत २५ गते आचारसंहिता लागू हुने भनेपछि उनीहरू दुई दिन अघि फर्केका छन्। प्रमुख प्रशासकीय अधिकृत नहुँदा जिल्लाका विभिन्न पालिकाहरूमा आर्थिकलगायत समस्याहरू देखिएका छन्। अहिले कुन पालिकामा को प्रशासकीय अधिकृत कार्यरत छ र उनको कुन बेला सरुवा हुन्छ ठेगान छैन।

राजनीतिक दबाब, आर्थिक लोभलालचबाट अहिले प्रमुख प्रशासकीय अधिकृतहरूको सरुवा भइरहेको छ।

## धोबिनी गापाको अनियमितताविरुद्ध महिलाद्वारा प्रदर्शन

प्रस, वीरगंज, १८ चैत/

धोबिनी गाउँपालिकाका


धोबिनी गापामा प्रदर्शन गर्दै महिलाहरू। तस्वीर: प्रतीक

कर्मचारीहरूले सङ्घ सरकारले पठाएको बहुक्षेत्रीय कार्यक्रमको ६ लाख रकम एउटा सहकारीसँग मिलेमतो गरी कुम्ल्याएको तथ्य सार्वजनिक भएपछि महिलाहरूको समूहले गाउँपालिकाको कार्यालय घेराउ गर्दै चर्को नाराबाजी गरेका थिए।

महिलाहरू कार्यालय घेराउ तथा तालाबन्दी गर्न आए पनि पियनबाहेक कोही नभएपछि महिलाहरू जनप्रतिनिधि तथा कर्मचारीविरुद्ध नाराबाजी लगाउँदै फर्केका थिए।

गत आवको बहुक्षेत्रीय कार्यक्रमको रकम वडा नं. ३ हरिहरपुरस्थित श्रीकृषक फूलवारी महिला उत्थान कृषि सहकारी संस्थाको खातामा रकम पठाई काम नगरी रकम बाँडफाँड गरेको स्थानीय सम्सुल मियाँले आरोप लगाए। सहकारी संस्थाको खाताको बैंक स्टेटमेन्टमा गत आवको अन्तिम समयमा रकम आएको मियाँले बताए।

संस्थाकी अध्यक्ष बबितादेवीले २०७८/४/१४ गते रु ४ लाख २५ हजार झिकेको तथा सोही मितिमा चन्द्रिका साहले रु १ लाख ९० हजार रकम झिकेको प्रमाणले देखाएको मियाँको दाबी छ।

यस सम्बन्धमा अध्यक्ष बबिताले संस्थाको खातामा रकम गापाले पठाएको तर आफूसँग शिक्षा शाखा प्रमुख अरविन्द त्रिपाठी तथा पोषण इन्चार्ज मन्दीपकुमार रामले चेक लगी रकम झिकेको बताएकी छन्।

यस विषयमा त्रिपाठी र गापाध्यक्ष सुरेश कुर्मीसँग बुझ्दा २५ हजारको दरले २५ जनालाई बाख्रा किन्न रकम आएको बताए।

तर सो सहकारीमा ५० जनाभन्दा बढी महिला सदस्य रहेकोमा विवाद भएपछि सो काम रोकिएको बताए। पैसा संस्थामा गएपछि रकम आफूले नझिकेको तथा रकम संस्थाकै खातामा रहेको दाबी गरेका छन्।

## पर्सामा ९१ जनामा हात्तीपाइले रोग

प्रस, वीरगंज, १८ चैत/

युकेएडको आर्थिक सहयोगमा द लेप्रोसी नेपाल र स्वास्थ्य कार्यालय, पर्साको आयोजना जिल्लास्तरीय कुष्ठरोग तथा हात्तीपाइलासम्बन्धी एक दिने गोष्ठी सम्पन्न भएको छ।

शुक्रवार नेपाल पत्रकार महासङ्घ पर्साको भवनमा आयोजित कार्यक्रममा संस्थाले बारा, पर्सा रौतहटका सबै स्थानीय तहमा काम गरिरहेको जनाएको छ। संस्थाका प्रतिनिधि त्रिलोकी मण्डलले पर्सामा ९१ जना हात्तीपाइले रोगी भएको जानकारी गराए। उनले विन्ध्यवासिनी गाउँपालिकामा ९, वीरगंज महानगरपालिकामा ३०, पोखरिया


(बाँकी अन्तिम पातामा)


तस्वीर: प्रतीक





**कैलाश कोल्ड स्टोरेज, मालपोत रोड, छपकैया वीरगंज-३ को**

**सूचना! सूचना !! सूचना !!!**

**जो जससँग सम्बन्धित छ**

यस कैलाश कोल्ड स्टोरेज घरेलु तथा साना उद्योग कार्यालय, पर्सा वीरगंजमा मिति २०५४/११/२१ मा दर्ता भएको र आन्तरिक राजस्व कार्यालय वीरगंजबाट स्थायी लेखा नं. ३०१४५८२६८ पान नम्बर प्राप्त भएको हो।

यस कैलाश कोल्ड स्टोरेज प्रथम पक्ष र स्व. गानी मियाँ मन्सुरीको नाति सजावल मियाँ मंसुरीको छोरा अन्दाजी वर्ष ६३ को श्री महमद सलीम मन्सुरी (ना.प्र.नं ३८७७००४०) सँग २०७२/११/०१ देखि २०७७/११/०१ सम्म ५ पाँच वर्षको लागि करार गरी भाडामा दिइएको थियो। सो भाडा अवधि २०७७/११/०१ मा नै समाप्त भएर करार कानूनीरूपले नै प्रभावित नहुने भएको हुनाले सम्पूर्ण व्यापारी तथा व्यवसायी वर्ग र व्यक्तिहरूलाई जानकारी गराउँदछौं।

तसर्थ व्यापारी तथा व्यवसायी वर्ग र अन्य व्यक्ति महोदयहरूले यस कैलाश कोल्ड स्टोरेजमा राख्नुभएका फलफूल, अन्न, फूल, आलु, बीउ, बिजन तथा अन्य सामान जिम्मा लिई सूचना जारी भएको मितिले एक हप्ताभित्र खाली गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं। हजुरहरूको आगामी दिनमा साथ, समर्थन र सहयोगको अपेक्षा गर्दै यस विषम परिस्थितिमा सहयोग गरिदिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्नुको साथै तथा हजुरहरूलाई पर्न गएको अप्ठेरो तथा कठिन समयप्रति क्षमाप्रार्थी छौं। धन्यवाद !

**कैलाश कोल्ड स्टोरेजको प्रोप्राइटर जुगनु राज्यलक्ष्मी शाह**

सम्पर्क नं.: सोम विक्रम सिंह ९८५११६०६७२, शत्रुघ्न कुशवाहा ९८५५०२१६८१

### विचारसार र सूक्तिहरू

**धीर, बुद्धिमान, शिक्षित, सदाचारी र श्रेष्ठ पुरुषको सङ्गत गर। जसरी चन्द्रमा नक्षत्रको मार्गमा हिंड्छ, यसैप्रकार सत्पुरुष र ज्ञानलाई अनुसरण गर।**

**– सुख बग्गो**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

# इमानदार होइनन् बेइमान

**भन्सार कार्यालय आम्दानी हुने कार्यालयको रूपमा परिभाषित हुँदै आएको छ। कुनै पनि कर्मचारीले म भन्सारमा कार्यरत छु भनेपछि उसप्रति आम मानिसको धारणा नै परिवर्तन हुन्छ। बाप रे भन्सार कर्मचारी, खुब कमाउँदो होला। मालपानीको कमी छैन विचरालाई। अहिलेसम्म यो कार्यालयबारे आम धारणा यही छ। पर्सा जिल्लाको सन्दर्भ हेर्ने हो भने सिर्सिया सुख्खा बन्दरगाह र एकीकृत सुरक्षा जाँच चौकी (आइसिपी) सञ्चालनपूर्व वीरगंज भन्सारको कुरै अर्को थियो। वीरगंज भन्सार कार्यालयका कर्मचारीहरू हतपत बिदा लिंदैन थिए। कार्यालय कुनै चाडपर्वमा बन्द भयो भने पनि त्यहाँका कर्मचारीहरू कार्यालय रूङेर बस्न पाए हुन्थ्यो भन्ने सोच राख्दथिए। घरमा मरणहण पर्दाबाहेक उनीहरू बिदा लिंदैन थिए। बिहान ८ बजे खाजा, खानासमेत त्यागेर हुइँकिएर कार्यालय पुग्थे भने राति अबेरसम्म कार्य गर्दथे। सो गरेबापत उनीहरूलाई अतिरिक्त पारिश्रमिकको पनि व्यवस्था सरकारले गरेको थिएन। यो वृत्तान्त सुन्दा उनीहरू वास्तवमा राष्ट्रसेवक, इमानदार कर्मचारी भएको भान पर्छ। तर त्यही राज्यबाट राष्ट्रसेवक कर्मचारीहरूलाई दिइने मानपदवीमा भने उनिहरूको न्यून सहभागिता रहँदै आएको दृष्टान्त नियाल्ने हो भने किन यसो भएको होला भनेर सोच्न बाध्य हुन्छौं। वास्तवमा उनीहरूको त्यो लगन इमानदारिताका लागि होइन बेइमानीका लागि थियो र छ पनि।**

**दैनिक हुने आम्दानीका लागि उनीहरू सबैखाले त्याग गर्दथे। उनीहरूको त्यो अवसरवादिताबारे सरकारलाई पनि थाहा थियो र बिहानदेखि बेलुकीसम्म र कुनै पनि दिन बिदा नपरोस् भनेर खट्ने भन्सार कर्मचारीलाई सम्मानको नजरले हेर्दैन थियो र अहिलेसम्म हेरेको छ जस्तो लाग्दैन। त्यत्तिकै उखान बनेको होइन–भन्सारको संसार। भन्सारकै कुरा गर्दा वीरगंज भन्सार कार्यालय अन्तर्गत पर्सा र बाराका छोटी भन्सारहरू पनि पर्दछन्। बाराको मटिअर्वा, सिम्रौनगढ, पर्साको ठोरी, जानकीटोला, अलौमा लामो समयदेखि छोटी भन्सार सञ्चालनमा थिए। अहिले यी स्थानमध्ये मटिअर्वा बाहेक छोटी भन्सार सञ्चालनमा छैन। कारण त्यही भन्सारका कर्मचारी। उनीहरू छोटी भन्सार कार्यालयमा आम्दानी नै नहुने भएकोले जाँदै जाँदैनन्। कुनै बखत यी सबै छोटी भन्सार कार्यालयहरू सञ्चालनमा हुँदा वीरगंज भन्सार कार्यालयका प्रमुखलाई कर्मचारी खटनपटनमा समस्या हुने गर्दथ्यो। त्यत्तिखेरका प्रमुखहरूले कर्मचारीलाई आलोपालो गरी छोटी भन्सार पठाउँथे। प्रत्येक कर्मचारी वर्षमा एकचोटी एक महीनाका लागि छोटी भन्सारमा खटेकै हुनुपर्दथ्यो। त्यसरी खटेका कर्मचारी एघार महीनासम्म वीरगंज भन्सार कार्यालयमा ढुक्क भएर काम गर्न पाउँथे।**

**अहिले शायद त्यस्तो व्यवस्था छैन र प्रायः छोटी भन्सार कार्यालयहरू बन्द भएका छन्। ठोरी छोटी भन्सार कार्यालय पनि यही रोगको शिकार भएको हुनुपर्छ। वीरगंज बाहेक जिल्लाका अन्यत्र छोटी भन्सार कार्यालयमा जानै नचाहने कर्मचारीहरूलाई लगाम लगाउन नसक्दा यो परिणाम देखिएको हो। यसमा कार्यालय प्रमुखको पनि गैरजिम्मेवारी देखिन्छ। आफू मातहतका कर्मचारी तोकिएको स्थानमा गएर काम गर्न मान्दैनन् भने सोही अनुरूपको कार्यवाही गर्न नसक्नु कमजोरी हो। सरकारबाट तलब बुझ्ने भन्सार कर्मचारीहरूको सुविधाका लागि छोटी भन्सार निष्क्रिय पार्दा जनतालाई कति अप्ठ्यारो [redacted] राखेको देखिएन।**

# भूमण्डलीकृत पूँजीवादको अन्त र वैज्ञानिक समाजवादको उदय

स्वतन्त्र विचार



**बैधनाथ श्रमजीवी**
baidhnath2071@gmail.com

**उत्पादक शक्तिमा गुणात्मक परिवर्तन हुने भएपछि त्यसले तत्कालीन मानव जीवनलाई सहज, सरल तथा सुविधा सम्पन्न बनाउने कार्य मात्रै गर्दैन बरु नयाँ युग वा नयाँ उत्पादन सम्बन्धलाई पनि अनिवार्यरूपमा जन्माउन शुरू गर्दछ।**

यतिबेलाको मानव समाज तीव्र विकासको अवस्थामा छ। पहिले कहिल्यै यति धेरै प्रगति र विकास भएको थिएन। आजको प्रगति र विकासलाई यसरी सम्भव बनाउने अवस्था मुख्यत: विज्ञान र प्रविधिमा आएको गुणात्मक फडकोले गर्दा नै हो। वैज्ञानिक वा द्वन्द्वात्मक भौतिक दृष्टिकोणले विकासलाई नियाल्दा कुनै पनि युगको विकासमा विभिन्न चरण रहेको स्पष्ट देख्न सकिन्छ। मानव समाजको विकासको क्रममा देखा परेका आदिम साम्यवादी युग, दास युग, सामन्तवादी युग तथा पूँजीवादी युगहरूको परिप्रेक्ष्यमा समेत यी सबै युगहरूका पनि अनेकौं चरण देखिन्छ। जस्तो कि जङ्गली अवस्था अर्थात् आदिम साम्यवादी समग्र युगभित्र जङ्गली र बर्बर गरी दुई उपयुग वा दुई चरण देखिन्छ। त्यसैगरी दास युग र सामन्तवादी युगपछि उदाएको पूँजीवादी युगमा चार उपयुग वा चरण स्पष्ट देख्न सकिन्छ।

पूँजीवाद प्रारम्भमा व्यापारिक पूँजीवाद थियो। दोस्रो चरणमा औद्योगिक वा प्रतिस्पर्धात्मक पूँजीवाद भयो। लेनिनको समयमा एकाधिकारवादी पूँजीवादको उपयुग थियो। आज पूँजीवाद भूमण्डलीकृत उपयुग वा चरणमा तीव्र गतिले अगाडि बढ्दै छ।

मार्क्सवादी दर्शनले प्रत्येक चीजको उत्पत्ति, विकास र विनाशको सामान्य अवस्थामा मुख्य कारण त्यही चीजभित्र हुन्छ भन्ने विश्लेषण द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तको आधारमा गर्छ। यस अर्थमा मानव समाजको विकासलाई पनि द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट हेर्दा प्रत्येक युगको उत्पत्ति विकास र विनाशको मुख्य कारण त्यसै युगभित्र हुन्छ। जस्तो कि सामन्तवादलाई नष्ट गर्ने पूँजीवादी युग व्यापारिक पूँजीवादको रूपमा सामन्तवादभित्रै जन्मिएको थियो। त्यसैगरी पूँजीको वर्चस्व, मेशिनको बढोत्तरी, तथा मानवश्रमको तरीकामा आएको परिवर्तनसँगै व्यापारिक पूँजीवाद भित्रैबाट औद्योगिक पूँजीवाद आएको थियो। यसप्रकार औद्योगिक पूँजीवाद नै विकासको क्रममा एकाधिकार पूँजीवाद हुँदै यति बेलाको भूमण्डलीकृत पूँजीवादमा विकसित भएको स्पष्ट छ।

कुनै पनि चीजको उत्पत्ति, विकास र विनाशलाई हेर्ने दुईवटा दृष्टिकोण छ। पहिलो मार्क्सवादी अर्थात् द्वन्द्वात्मक भौतिकवादी र दोस्रो आदर्शवादी। आदर्शवादले जहाँ कुनै पनि वस्तुको उत्पत्ति, विकास र अन्त्यको कारण अदृश्य शक्ति (ईश्वर) भनेर व्याख्या गर्छ त्यही मार्क्सवादले प्रत्येक वस्तुको उत्पत्ति, विकास र अन्त्यको कारण समाज आदिम साम्यवाददेखि भूमण्डलीकृत पूँजीवादसम्म विकास गर्नुको कारणमा देख्छ। जहाँ आदर्शवादले राजा, महाराजा, सम्राट्, वीर योद्धा, महापुरुष–महाशास्त्री, विद्वान्हरू वा ईश्वरको कृपाले वा इच्छाले सबै परिवर्तन हुन्छ भन्छ त्यही मार्क्सवादले मानव समाजमा हुने परिवर्तनमा मुख्य भूमिका वा कारण त्यहाँ विद्यमान रहेका उत्पादक शक्ति तथा उत्पादन सम्बन्धले खेल्दछ भन्छ।

कुनै पनि युगको उत्पादक शक्तिको रूपमा धेरै चीज हुन सक्छ। तर मुख्य उत्पादक शक्तिले नै त्यो मानव युगलाई टिकाउन, भत्काउन र नयाँ युगमा पुऱ्याउन मुख्य भूमिका खेल्दछ। मानव समाजलाई यसरी विश्लेषण गरिनुलाई ऐतिहासिक भौतिकवाद भनिन्छ। अर्थात् ऐतिहासिक भौतिकवाद भनेको मानव समाजको द्वन्द्वात्मक भौतिकवादी विश्लेषण गर्नु नै हो।

मार्क्सवादको मान्यता अनुसार मानव समाज पशु जगत्बाट श्रमद्वारा अलग भएको हो। श्रम भन्नाले औजार, सीप र प्रयोगको समग्रता हो भनेर बुझ्नुपर्दछ। यसरी पशुजगत्बाट अलग हुने लाखौं वर्षको प्रक्रियामा मानिसले प्रकृतिप्रदत्त शरीर, ढुङ्गा, काठ आदि औजार अथवा उत्पादक शक्तिको रूपमा प्रयोग गऱ्यो तर ती आदिम औजारहरू उत्पादन गर्ने वा बढाउने सारका थिएनन्। बरु प्रकृतिले प्राकृतिकरूपमा गरेका उत्पादनलाई टिप्ने, खोस्ने, मार्ने अथवा समग्रमा भोजनको कामका लागि मात्र सहयोगी थिए।

आगोको अविष्कारलाई मानव जीवनको पहिलो क्रान्ति मानिए पनि त्यो प्रकृतिले गरेको उत्पादनलाई परिष्कृत भोजन बनाउन, जीवनलाई थोरै सुविधा दिन र सुरक्षाको निमित्त मात्र काम लाग्ने स्तरमा थियो। यसबाट के प्रस्ट हुन्छ भने आदिम साम्यवादी युगभरि मुख्य उत्पादक शक्ति प्रकृति थियो। आठदेखि नौ हजार वर्षबीच तामा र फलाम मानिसले फेला पारे पनि ती धातुलाई प्रशोधन गर्ने प्रवृत्ति पत्ता नलाग्दासम्म तिनीहरूले मानव कामको तरीकामा गुणात्मक फेरबदल ल्याउन सकेनन् तर जब मानिसले धातु प्रशोधन गर्ने प्रविधिसहित आरनको आविष्कार गऱ्यो त्यसपछि श्रमको भूमिका उत्पादनमा गुणत्मकरूपमैं बढ्न थाल्यो। यसले गर्दा कृषि, शिकार, रक्षा–प्रतिरोध तथा घरेलु जीवनमा गुणात्मकरूपमैं परिवर्तन हुन गयो। यति बेलासम्म समाजमा निजी सम्पत्ति नभए पनि भएको बचतमाथि कसको अधिकार भन्ने प्रशन जन्मियो। त्यही बचतमाथि खास व्यक्ति वा समूहले कब्जा जमाउने प्रक्रियाले निजी सम्पत्ति र वर्गीय समाज उत्पन्न हुन पुग्यो।

प्रशोधित धातुका ज्यावल र हतियार नबनेको भए मानिसको श्रम गर्ने तरीका फेरिंदैनथ्यो। अब मानवको भूमिका गुणात्मकरूपमैं फेरिएर उत्पादनको निमित्त मुख्य हुन पुग्यो। यसले गर्दा आदिम साम्यवादी समाजमा मुख्य उत्पादक शक्तिको रूपमा रहेको प्रकृति फेरिएर सहायक भूमिका रहेका मानव श्रमले मुख्य उत्पादक शक्तिको स्थान ग्रहण गऱ्यो। यही उत्पादन शक्तिको परिवर्तनले आदिम साम्यवादी युग खुल्न पुग्यो र दास–मालिक युग शुरू भयो।

विस्तारै दास–मालिक युगभित्रै उत्पादन बढाउन औजार तथा प्रविधि पनि विकसित हुँदै गएपछि फलामे हलो, गोरु, घोडा, राँगा आदि नारेर जोत्ने प्रविधिमा मानव समाज पुग्यो। पशुको प्रयोगले एकातिर दासको महत्त्व उत्पादनमा कम हुन थाल्यो भने अर्कोतिर बढी जमीन जोसँग, बढी उत्पादन उसैसँग भन्ने प्रवृत्तिले मुख्य उत्पादक शक्तिको रूपमा जमीन आयो र यहीबाट सामन्तवादी युगको शुरूआत भयो। यसरी उत्पादन शक्तिमा आएको परिवर्तनले पुरानो युगको ध्वंस गर्ने र नयाँ युग जन्माउने कुरा प्रस्ट हुन्छ। औजारहरूकै उत्पादनमा सहजतातर्फ विकास हुने क्रममा मेशिनहरूको विकासले व्यापारिक पूँजीवादी युगको शुरूआत हुन पुग्यो। व्यापारिक पूँजीवाद मेशिन तथा उत्पादन भएका अत्यधिक वृद्धिले गर्दा एकाधिकार पूँजीवाद (साम्राज्यवाद) तथा विज्ञान र प्रविधिको अत्यधिक विकासले उत्पादनमा प्रचुरताको अवस्था यतिबेला उत्पन्न गरेको छ। जसरी व्यापारिक पूँजीवाद एकाधिकारवादी पूँजीवाद बन्दै गर्दा सामन्तवादलाई ढाल्यो, ठीक त्यसैगरी अब भूमण्डलीकृत पूँजीवादलाई वैज्ञानिक समाजवादले निस्सन्देह ढाल्नेछ। किनभने भूमण्डलीकृत पूँजीवाद पतनोन्मुख शक्ति हो भने वैज्ञानिक समाजवाद उदीयमान शक्ति हो। यतिबेला विज्ञान र प्रविधिमा टेकेर कोरियाजस्तो सानो देशले अमेरिकाजस्तो साम्राज्यवादीलाई टक्कर दिएको घटनाबाट सबैले विज्ञान र प्रविधिको महत्त्व बुझिसकेका छन्। विज्ञान प्रविधि कसैको निजी विषय अहिले छैन। यसर्थ हिजोको उत्पादन सम्बन्ध अहिले फेरिइसकेको छ।

उत्पादक शक्तिमा गुणात्मक परिवर्तन हुने भएपछि त्यसले तत्कालीन मानव जीवनलाई सहज, सरल तथा सुविधा सम्पन्न बनाउने कार्य मात्रै गर्दैन बरु नयाँ युग वा नयाँ उत्पादन सम्बन्धलाई पनि अनिवार्यरूपमा जन्माउन शुरू गर्दछ। यतिबेला मुख्य उत्पादन शक्तिको रूपमा विज्ञान प्रविधि आएपछि यसले मानव जीवनमा हिजोको तुलनामा सुविधाहरू पनि थपेको छ र पूँजीवादलाई भूमण्डलीकृतरूपमा शोषण गर्ने अवसर पनि सृजना गरेको छ। यसको मुख्य र क्रान्तिकारी पक्ष भूमण्डलीकृत साम्राज्यवादी पूँजीवादी व्यवस्थापन गर्ने र यसभित्रै वैज्ञानिक समाजवादी युग आरम्भ गर्ने हो।

# रेल सञ्चालनको सम्पूर्ण तयारी पूरा: शनिवार उद्घाटन हुने

–सञ्चिता घिमिरे
काठमाडौं, १८ चैत/रासस

धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म नियमित रेलसेवा सञ्चालनका लागि सबै तयारी पूरा भएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले शनिवार नयाँ दिल्लीबाट संयुक्तरूपमा 'फ्लाग अफ' गरी यसको उद्घाटन गर्ने कार्यक्रम छ।

नेपालमा रेल सेवा सञ्चालनका लागि गत २०७७ असोज २ गते भारतबाट रु ८४ करोड ६५ लाखमा दुई सेट रेल खरीद गरिएको थियो। खरीद गरिएको डेढ वर्षपछि रेल सेवा सञ्चालन हुन लागेको हो। पहिले पुरानो प्रविधिको रेल सञ्चालनमा आए पनि आधुनिक प्रविधिको यो नै पहिलो रेलसेवा रहेको छ। यो रेलसेवा शुरू भएसँगै नेपालको रेल यातायाततर्फको अर्को यात्रा शुरू हुनेछ।

शनिवार रेलगाडीमा दुवै देशका प्रतिनिधि सवार भएर भारतको जयनगरबाट नेपालको कुर्थातर्फ जाने रेल विभागका प्रवक्ता (सिनियर डिभिजनल इन्जिनीयर) अमन चित्रकारले जानकारी दिए। अन्तर्देशीय रेलसेवाका रूपमा सञ्चालन हुने रेलमार्गमा जकनकपुर आएपछि भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवलगायत व्यक्ति कुर्थासम्म जाने कार्यक्रम छ।



तस्वीर: सौजन्य

उनी कुर्थासम्म पुगेर फर्केर जनकपुर आउनेछिन् भने रेल पुन: जयनगर जाने उनले जानकारी दिए। उनले भने–"रेलगाडी स्वागत गरेर कुर्थासम्म जानेछ।"

शनिवार उद्घाटन भएपछि आइतवारदेखि नै तालिका अनुसार नियमित रेल चल्ने नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले बताए। उनका अनुसार दिनको दुईपटक आउने र दुईपटक जानेगरी समय तालिका निर्धारण गरिएको छ। जयनगरबाट ८:३० र ३ बजे छुट्ने छ भने कुर्थाबाट १०:३० र ५:१५ मा अर्को रेल छुट्ने उनले जानकारी दिए। उनले भने–"आइतवारदेखि नै नियमित रेल चलाउने हाम्रो तयारी पूरा भइसकेको छ।"

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्गमा सञ्चालनका लागि सरकारले दुई सेट 'डेमो ट्रेन' (डिजेल इलेक्ट्रिक मल्टिपल युनिट) ल्याएको थियो। एउटा रेलमा एक हजार ३५० यात्री यात्रा गर्न सक्ने महाप्रबन्धक झाले जानकारी दिए। यात्रीले आफ्नो साथमा साना झोला लैजान पाउने छन्। तत्काल सञ्चालनमा आउन लागेको यात्रीवाहक रेलगाडी हो। अहिले सञ्चालन हुन लागेको कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण दुई वर्ष पहिले नै सकिएको थियो।

हाल ३५ किमी लामो मार्गमा रेल सञ्चालन हुनेछ। कुर्थादेखि बिजुलपुरासम्म थप १७ किमी रेलमार्ग निर्माणको काम अन्तिम चरणमा पुगेको छ र त्यो सकिएपछि ५२ किमीमा रेल सञ्चालन हुनेछ। कुर्थाबाट बिजुलपुरासम्म निर्माण झन्डै सकिएको र अबको दुईचार महीनामा रेल सञ्चालन गर्न सकिने विभागका प्रवक्ता चित्रकारले जानकारी दिए। ३५ किमीमा आठ ठाउँमा रेल रोक्न सकिने छ।

नेपालले खरीद गरेको रेलगाडी छोटो दूरीमा रोकिन र सञ्चालन गर्न उपयुक्त हुने प्रवक्ता चित्रकारले बताए। यसले छोटो समयमा नै गति बढाउन र रोक्न सकिने हुन्छ। एउटा स्टेशनबाट चार पाँच किलोमिटरमा अर्को स्टेशन आउँछ। यसको डिजाइन स्पिड एक सय किमी प्रतिघण्टा रहेको छ। मालवाहक गाडीमा भने ६५ किमी प्रतिघण्टा रहने उनले जानकारी दिए। उनले भने–"त्यही रेलमार्गमा यात्री लैजाँदा चाँडो लैजान सक्ने भयो भने सामान लैजाँदा बढी समय लाग्दछ।" डेढ वर्ष पहिले आइपुगेको रेल विभिन्न समस्याका कारण सञ्चालन हुन सकेको थिएन। कहिले कर्मचारी नहुने त कहिले कानूनको अभावले गर्दा लामो समय रेल सेट थन्किएको थियो। अहिले सबै किसिमका तयारी सकिएकोले सञ्चालनका लागि बाटो खुलेको हो।

भारतको सरकारी कम्पनीमार्फत नै रेल सेट खरीद भएको हो। दुई सरकारबीच सम्झौता भई (जिटुजी) रेल

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३५ | २०७८ चैत १९ गते शनिवार | 2022 April 02 Saturday



# गोरखपुर हवाई अड्डामा करीब अढाई घण्टा

## स्वान्त सुखाय:



सञ्जय मित्र
mitrasanjay41@gmail.com

> **बाहिरबाट जति देखिएको हुन्छ, त्यसभन्दा पृथक हुन्छ एअर पोर्टको परिवेश । बाहिरबाट देखिन्छ, त्यसभन्दा पृथक हुन्छ भित्र पसेपछिको परिवेश । भित्र पस्ने बेलामा चेक गराउँदासम्म मनमा एक किसिमको हतार हुन्छ । त्यो हतारको क्षणलाई विश्लेषण गर्न सकिन्न । हतार किन हुन्छ थाहा छैन । जबकि थाहा छ अझै पनि साढे दुई घण्टा समय छ उड्नको लागि ।**

खूब उत्सुकता छ । गोरखपुरबाट हैदराबाद र हैदराबादबाट कोयम्बतूर पुग्नुछ। पहिले सिमराबाट काठमाडौंसम्म हवाईजहाडमा उडेर जाँदा धेरैलाई अनुभूति सुनाएको थिएँ। एउटा स्मरण लेखेको पनि थिएँ । अचानक कसरी हवाईजहाज चढ्ने मौका मिल्यो र कस्तो अनुभूति हुँदोरहेछ भनेर। त्यसभन्दा पहिले आकाशमा उडेको आधारमा मनमा अनेक किसिमले कल्पनामात्र हुन्थ्यो अनुभूतिको ।

धेरै अनुनय-विनय गर्नुपरेको छ आजको दिनको लागि। आज २६ कात्तिक हो शुक्रवार २०७८ को । १२ नवम्बर २०२१ । तमिलनाडू प्रान्तको कोयम्बतूर शहरमा रहेको विश्वविद्यालयमा छोरीको नाम लेखाउनु छ। ठ्याक्कै दशैंको मुखमा ताकेता आएको थियो तर जसरीतसरी छठसम्म ताकेता लम्ब्याउन सफल भएको अवस्था थियो। छठको पारन सकेर सोझै हानिएका थियौं । गोरखपुरमा आज दिउँसो २ बजे उडान छ ।

कोभिड-१९ को दोस्रो लहर भर्खरै थामिएको छ । यही मौकामा विश्वविद्यालय भौतिकरूपमा सञ्चालनको तयारी छ । विदेशी विद्यार्थीलाई केही पहिले बोलाउनु स्वाभाविक हो । भारतमा हवाई यात्रा यो पहिलो हुँदैछ। यस कारण अनुभवीको सहयोग लिनुपरेको छ, भैरहवाको देवकोटा चोकभन्दा करीब पाँच मिनेट पश्चिम स्थायी घर भएका युवा इन्जिनीयर सुनील साहको। उनकी बहिनी पनि सँगै जाने कोयम्बतूर । हामी सबैको हवाई जहाजको टिकट सुनील भाइले नै बूक गरेका हुन् ।

उत्सुकता, हतार र भयको त्रिवेणी बगिरहेको छ मनभरि। तीन घण्टा लामो उडान छ । पहिलो उडान करीब दुई घण्टा र दोस्रो उडान करीब एक घण्टाको। यति लामो समय आकाशमा बिताउने अवसरको नजीक पुगिसकेको छु। यस अनुभवको प्राप्तिको उत्सुकताले मन फुरूङ्ग भइरहेको छ भने चेकिङमा धेरै समय लाग्ने र कहिलेकाहीं सानोतिनो अप्ठ्यारो पर्ने सम्भावना पनि हुन्छ रे। गोरखनाथको दर्शन गरेपछि भएको हतारले अरू केही हेर्न, किन्न र सोच्न समय नै बाँकी रहेन। योजनामा नपरेको दर्शन गरेपछि समय धेरै व्यतीत भइसकेको थियो । यद्यपि भैरहवामा नै खाएको खाजा पर्याप्त थियो । भोकको अनुभूतिभन्दा हवाई अड्डामा प्रवेशको हतारले उछिनेको छ ।

हवाइजहाजको टिकट बूक गर्दा नै खानाको अर्डर पनि गरिसकिएको छ। भन्नुको तात्पर्य बाहिर खानुपर्ने आवश्यकता छैन ।

हवाई अड्डाको गेटमा रोकिन्छ गाडी। गाडी फर्किन्छ। चारजना पहिलो गेट पास गर्छौं । विनाटिकट पहिलो गेटभन्दा भित्र जान नदिने रहेछ। पहिलो गेटमा नै आफ्नो पासपोर्ट र टिकट चेक गराउँछु । टिकटको हार्डकोपी छैन । सफ्ट कपी छ मोबाइलमैं । आजभोलि इन्टरनेटको युग छ। मोबाइलमैं रहेको टिकटको नाम र पासपोर्टको नाम रूजु हुन्छ । सुरक्षाकर्मी अत्यन्त संवेदनशील भएर रूजु गर्दछन्। गोरखपुर हवाईअड्डा सैनिक हवाईअड्डा हो । सुरक्षा संवेदनशीलता केही बढी हुनु स्वाभाविक हो । त्यसै हामी पर्यौं विदेशी । यद्यपि बिहार, झारखण्ड र उत्तर प्रदेशमा घुम्दा हामी विदेशीजस्ता लाग्दैनौं । हाम्रो सबै दुरूस्त छन् ।

कोभिडविरुद्ध खोप लगाएको प्रमाणपत्र तथा तीन दिनभित्र कोभिड टेस्ट गराएको पिसिआर रिपोर्टको कुरै गरेनन् । जबकि हरेक दिन म्यासेज आएको थियो । एक महीना पहिले नै टिकट बूक गरेको दिनदेखि इमेलमा हरेक दिन यी दुई कुराबारे म्यासेज आइरहेको छ । यसले तनाव दिएको थियो तर सोधेन।

अलिक भित्र छिरेपछि मूल चेकिङ यहाँ पो रहेछ । मेन गेटको चेकिङ त सम्भवतः यात्रु हो होइन, यकीन गर्नको लागि रहेछ । हवाईयात्राको सन्दर्भमा भनिने सुरक्षा चेकिङ हुने पालो बल्ल आएको छ ।

इन्डिगोको टिकट छ । इन्डिगोको काउन्टरतिर अगाडि बढ्छौं । टिकट चेक हुन्छ । मोबाइल बढाउँछौं । चेक गरेर टिकट प्रिन्ट गरेर दिइन्छ। लगेजको ब्याग छ भने दिनुस् भन्छन् । लजेगको ब्याग दिन्छौं र आफूसित रहने ब्याग बोकेर चेकिङको लाइनमा बस्छौं। घडी, बेल्ट, साँचो र सिक्का खोल्नुपर्ने। झिकेर ब्यागमा हाल्नुपर्ने । ब्याग पनि मेशीनले नै चेक हुन्छ । अरूको भइरहेको देखिंदै छ । छोरीले ल्यापटप बोकेकी छ । ल्यापटपलाई छुट्टै दिनुपर्ने। यसरी क्रमशः सबै चेक भइरहेको छ। लाइन अगाडि बढ्दैछ । पालो आउँछ मानिसको । मानिसको सुरक्षा चेकिङ पनि निकै कडा छ । जुत्तादेखि टोपीसम्म अर्थात् पैतालादेखि टुप्पीसम्म चेकजाँच हुन्छ । खल्तीमा सिक्का पनि बाँकी छ भने निकाल्न लगाउँछन् । हात उठाउन लगाएर, अगाडिबाट त पछाडि फर्काउन लगाएर सबै किसिमले चेकजाँच हुन्छ व्यक्तिको । महिलाको चेकजाँच छुट्टै भइरहेको छ। सामान्यतया एउटा अलग्गै घरमा महिलाको सुरक्षा चेकिङ हुन्छ महिला कर्मचारीबाटै ।

आवश्यक भौतिक दूरी बनाएर लाइनमा उभिएका हुन्छौं । लाइन गतिशील छ। चेकजाँचको क्रममा हामी चारजनामध्ये सबैभन्दा पछि मेरै चेक हुन्छ। अरूको देखासिकी पहिले नै घडी, मोबाइल र साँचोको झुप्पा ब्यागमा हालिसकेको हुन्छु । यस कारण खासै समय लाग्दैन। अगाडि बढ्छु ।

बाहिरबाट जति देखिएको हुन्छ, त्यसभन्दा पृथक हुन्छ एअरपोर्टको परिवेश। बाहिरबाट देखिन्छ, त्यसभन्दा पृथक हुन्छ भित्र पसेपछिको परिवेश । भित्र पस्ने बेलामा चेक गराउँदासम्म मनमा एक किसिमको हतार हुन्छ। त्यो हतारको क्षणलाई विश्लेषण गर्न सकिन्न। हतार किन हुन्छ थाहा छैन । जबकि थाहा छ अझै पनि साढे दुई घण्टा समय छ उड्नको लागि ।

अज्ञात डरले नै शायद हतार उत्पन्न गरेको हुन्छ मनमा। डर केको हो, थाहा छैन । आखिर यति कडा चेकजाँच भइरहेको छ नि । चेकजाँचमा कुनै गडबडी फेला परिहाल्यो भने ? जबकि केही पनि छैन । खल्तीमा नियमित सधैं रहने केही कागजपत्र, अलिकति पैसा र यस्तै खत्र्याकखुत्रुक छन्। भित्री खल्तीमा अलिकति नेपाली रुपियाँ छ। तर खल्ती भने चेक भइरहेको छैन । मेशीनले नै चेकजाँच भइरहेको छ । चेकजाँच गर्ने ठाउँमा उभिने पालो आउँदा त्यहाँ उभिने बेला र उभिएपछि यही अज्ञात डरको मात्रा अलि बढ्ने रहेछ र निर्देशन अनुसार हात उठाउँदै, अगाडि फर्कंदै पछाडि फर्कंदै गर्दा अनि चेकजाँच गराउँदै जाँदा उही भयको मात्रा कम हुँदै जाने रहेछ। अगाडि बढ्ने निर्देशन पाउँदा एउटा ठूलो हावाको झोक्का फोक्सोभित्र पुग्दछ, सन्तोषको।

सयदेखि दुई सयजना मानिस पहिलेदेखि नै बसेका छन् प्रतीक्षालयमा। प्रतीक्षालयमा बस्ने सुविधा राम्रो छ । एउटा टेलिभिजनको स्क्रिन छ। स्क्रिनमा बारम्बार उही कुरा दोहरिइरहेका छन्। दोहरिने कुरामा कहाँ-कहाँको लागि फ्लाइट छ, कति बजे छ। कति ढिलो छ वा समयमैं छ। छ-सातवटा फ्लाइटको सेड्युल देखिन्छ । आफ्नो फ्लाइटको समय स्क्रिनमा लेखिएको समयसँग ठ्याक्कै मेल खाएको छ।

मोबाइलको स्क्रिनमा फ्लाइटबारे हेर्न छाडेर टिकट निकाल्छु । टिकट मोबाइलमा लेखिएको कुरामा कुनै फरक छैन, केही फरक छैन ।

भीड बढ्दै गएको छ । स्क्रिनमा लेखिएको सेड्युलमध्ये एउटाको समय सबभन्दा नजीक छ। दिल्लीको फ्लाइटको लागि एक घण्टा पाँच मिनेट बाँकी समय रहँदा बोर्डिङको लागि एनाउन्स हुन्छ।

लाइन लागेर एकचोटि फेरि चेक गराउँदै धमाधम मानिस प्रतीक्षालय कक्षबाट बाहिरिन थाल्छन्। अन्दाजले नै भन्छु - करीब डेढ सय मानिस निस्केको हुनुपर्छ गेटबाट प्रतीक्षालय बाहिर । प्रतीक्षालय भित्रैबाट अलिक हेर्न खोज्छु हवाइजहाजलाई। मानिसहरू लाम लागेका छन्, चढिरहेका छन् ।

प्रतीक्षालयमा भीड केही कम हुन्छ। अझै डेढ घण्टा समय बाँकी छ । गोरखपुरको हवाईअड्डामा अलिकति केही किनेर खानुपर्छ भन्ने लाग्छ। किन्छु र सबैजना बाँडेर खान्छौं। सुनील भाइ, एकदम स्पष्ट छन्, सम्भव भएसम्म यसरी बाटोमा केही किनेर खानुहुँदैन भन्ने कुरामा। तर मलाई चाहिं थोरैथोरै खाइरहनुपर्छ ।

हामी चारजना नेपाली भाषामा नै कुरा गरिरहेका छौं । कुनै अनौठोपन छैन । कुनै नौलोपना कसैको अनुहारमा लाग्दैन। अरू मानिसहरू पनि नेपालीमा कुरा गरिरहेका छन् । गोरखपुर हवाईअड्डामा नेपाली यात्रुहरू धेरै पुग्ने रहेछन् । हामी त्यहीं कुरा गर्छौं पनि - यदि अर्को वर्षदेखि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउँछ भने धेरै नेपालीलाई सुविधा हुन्छ । अझ बोर्डर छेउका कतिपय भारतीयलाई पनि नेपालको हवाईअड्डा प्रयोग गरी भारतको शहरी क्षेत्रमा पुग्न सजिलो हुन जान्छ ।

फेरि भीड बढिसकेको छ। र, फेरि एउटा फ्लाइटको बोर्डिङ हुन्छ । फेरि त्यत्तिकै मानिस कम हुन्छन् ।

(बाँकी पाँचौं पातामा)

# नेपालका प्रथम वैज्ञानिक: गेहेन्द्र शमशेर

- राजेशमान के.सी.

**परिचय:** गेहेन्द्र शमशेरको जन्म वि.सं. १९२८ साल पुस महीनामा भारतको पुरानो राजधानी कलकत्तामा भएको थियो, जहाँ उनका पिता वीर शमशेरलाई नेपाली प्रतिनिधिको रूपमा कार्य गर्न खटाइएको थियो । उनको प्रारम्भिक शिक्षा निजी अङ्ग्रेजी शिक्षक राखी घरमैं व्यवस्था गरिएको थियो । पछि राणा शासनकालमा निर्मित नेपालकै प्रथम आधुनिक विद्यालय मानिने दरबार हाई स्कूलमा उनलाई औपचारिक शिक्षाको लागि भर्ना गरिएको थियो । त्यसो त उनको शैक्षिक स्तरबारे हालसम्म कुनै पनि आधिकारिक जानकारी उपलब्ध हुन सकेको छैन। तापनि गेहेन्द्र शमशेर नेपाली आविष्कारक, हातहतियारका प्रमुख डिजाइनर एवं तत्कालीन शाही नेपाली सेनामा जर्नेलसमेत बन्न पुगेका थिए । गेहेन्द्र शमशेरलाई नेपालकै प्रथम वैज्ञानिकको रूपमा पनि मान्ने गरिएको छ ।

वैज्ञानिक गेहेन्द्र शमशेर वीर शमशेरका जेष्ठ सुपुत्र थिए। वीर शमशेर राणा शासनका तेस्रो प्रधानमन्त्री थिए। वि.सं. १९४२ सालमा रणोद्दिप सिंह कुवँरको हत्या भएपछि वीर शमशेर राणा शासनको तेस्रो प्रधानमन्त्री बन्न पुगेका थिए । गेहेन्द्र शमशेर बाल्यकालदेखि नै विभिन्न यान्त्रिक सामान र हात हतियार निर्माणमा रुचि राख्थे। उनको यही रुचिका कारण पिता वीर शमशेरले आफू प्रधानमन्त्री हुँदा छोरा गेहेन्द्रलाई १४ वर्षको किशोरावस्थामैं तत्कालीन शाही नेपाली सेनाको हातहतियार विभाग हेर्ने प्रमुखको जिम्मा दिएका थिए। जसले गर्दा गेहेन्द्र शमशेर हातहतियार र गोलीगोला निर्माणमा पनि निकै उत्प्रेरित हुन पुगेका थिए। तर त्यस बखत विदेशी मुलुकबाट हातहतियार तथा गोलीगोला आयात गर्न पाइँदैन थियो। त्यसैले वैज्ञानिक गेहेन्द्रले स्थानीयरूपमैं उपलब्ध कच्चा सामग्री प्रयोग गरेर विभिन्न हातहतियार निर्माण गरेका थिए। यसको लागि उनले बेलायती मोडलको हातहतियार निर्माण कारखाना काठमाडौंको जमलस्थित आफ्नै निवास सेतो दरवार अनि सुन्दरीजल, बालाजु र भोजपुरको मेगचन भन्ने ठाउँमा समेत स्थापना गरेका थिए । त्यति मात्र नभई गेहेन्द्र शमशेरले तत्कालीन शाही नेपाली सेनाको आधुनिकीकरणमा समेत ठूलो योगदान पुर्‍याएको इतिहासकारहरू बताउँछन् ।

### गेहेन्द्र शमशेरका आविष्कारहरू

प्रधानमन्त्री वीर शमशेरको निधनपछि देव शमशेर चौथो राणा प्रधान मन्त्रीको रूपमा सत्तासीन भए। त्यसो त देव शमशेर र गेहेन्द्र शमशेरबीच पनि त्यतिखेर निकै राम्रो र घनिष्ठ सम्बन्ध थियो। त्यसैले दरबारमा गेहेन्द्रको निकै राम्रो पोजिशन थियो । यस क्रममा उनलाई तत्कालीन प्रहरी सेवाको जासूसी विभागको प्रमुख अर्थात् स्पाई चिफको रूपमा समेत नियुक्त गरिएको थियो । पछि प्रधानमन्त्री देव शमशेरकै सल्लाह र आग्रहमा उनी हातहतियार निर्माणका विभिन्न प्रविधि सिक्न भनी जापान पनि गएका थिए। वि.सं. १९५६ को अन्त्यतिर आएर गेहेन्द्र शमशेरले संयुक्त राज्य अमेरिकाको डेट्रोइटस्थित फोर्ड मोटर कम्पनीबाट मोटर कार मगाई उक्त मोटरकारको सबै पार्टपुर्जाहरू खोलेर त्यसको बृहत् अध्ययन गरी आफैं मोटर कार निर्माणमा समेत जुटेका थिए । गेहेन्द्र शमशेरका प्रमुख आविष्कार तथा उपलब्धिहरू बुँदागतरूपमा यस प्रकार उल्लेख गर्न सकिन्छ ।

### पानीमुनि बत्ती

जतिखेर नेपालमा बिजुलीको प्रचलन ठ्याम्मै थिएन, त्यतिखेर गेहेन्द्र शमशेरले पानीमुनि बत्ती बाल्ने प्रविधिको विकास गरे । तैल इन्जिनको प्रयोगद्वारा डिसि डाइनामो चलाएर त्यसबाट उत्पन्न बिजुलीलाई जम्मा गरी अर्थात् ब्याट्री चार्ज गरी त्यसबाट लाइन जोडी उनले बिजुली बत्ती बाले । यो बत्ती पानीमुनि



गेहेन्द्र शम्शेर

पनि बाल्न सकिन्थ्यो । आजको जस्तो जलविद्युत् शक्तिको सहज उपलब्धता नभएको त्यस समयमा डाइनामो चलाएर भए पनि यसरी बिजुली बत्ती बाल्नुलाई इतिहासकारहरूले ठूलै उपलब्धि मानेका छन् । स्मरण रहोस् नेपालको सबैभन्दा पहिलो फर्पिङ जलविद्युत् आयोजना निर्माणको थालनीमा पनि उनकै महत्त्वपूर्ण योगदान रहेको मानिन्छ ।

### धान कुट्ने कल

काठमाडौंको जमलस्थित त्रिभुवन विश्वविद्यालयको पुरानो परीक्षा नियन्त्रण कार्यालय रहेको भवन र त्यस वरपर फैलिएको दरबारलाई त्यतिखेर सेतो दरबार भनिन्थ्यो। जुन दरबार उनलाई आफ्ना पिता वीर शमशेरले पैत्रिक सम्पत्तिको रूपमा प्रदान गरेका थिए । त्यसै सेतो दरबारको कम्पाउन्डभित्र गेहेन्द्र शमशेरले यस्तो कल स्थापना गरेका थिए जसले धान कुट्ने, पीठो पिस्ने, तोरी पेल्ने आदि गर्दथ्यो। यस कलका निम्ति उनले सातवटा ब्रोइलर इन्जिनसमेत जडान गरेका थिए ।

### छाला प्रशोधन कारखाना

गेहेन्द्र शमशेरले काठमाडौंको बालाजुमा छाला प्रशोधन कारखाना पनि स्थापना गरेका थिए । यसबाट देशभित्रै काँचो छाला प्रशोधन गर्न सम्भव भएको थियो । यस कारखानाले नेपालको औद्योगिक विकासमा समेत निकै महत्त्वपूर्ण थालनी गरेको मानिएको छ।

### हावा मिल

इनारको पानी तानी बाहिर ल्याउने प्रविधिको यो मिल हावाको गतिले पंखालाई घुमाएको आधारमा चल्दथ्यो। त्यसै बहेर खेर जाने हावालाई मानव जातिको उपयोगितामा लगाउन उनले यस प्रविधिको प्रयोग गरी सफलता प्राप्त गरेका थिए । उनको यो प्रविधिलाई त्यतिखेर सेतो दरबारको कम्पाउन्डभित्र इनारको पानी बाहिर ल्याई बगैंचामा सिंचन गर्नसमेत प्रयोग गर्ने गरिएको थियो।

### गेहेन्द्र राइफल

गेहेन्द्र शमशेरका वैज्ञानिक उपलब्धिहरू ज्यादाजसो तोप, बन्दूक, राइफल आदि हातहतियार निर्माण र नयाँ प्रयोगहरूमा नै केन्द्रित रहेको थियो। त्यतिखेर सरकारी सेनाको उपयोगका लागि पनि ती हतियारहरू प्रयोग हुने गर्दथे । यी हतियारहरूमध्ये एकथरी राइफललाई गेहेन्द्र शमशेरले आफ्नै नामबाट गेहेन्द्र राइफल नामकरण पनि गरेका थिए । यो राइफलमा दुई नाले कार्टिज्स समावेश गरिएको थियो । त्यतिखेर सैनिकहरूको अभ्यासको निमित्त समेत यी राइफलहरू वितरण गरिएका थिए ।

### गे-गन

गेहेन्द्र शमशेरले एकथरी यस्तो तोप बनाएका थिए जुन तोपलाई बसीबसी प्रहार गर्न सकिन्थ्यो । यसलाई उनले आफ्नै नामको शुरूको अक्षर गे बाट 'गे-गन' नामाकरण गरेका थिए। यसको प्रमुख विशेषता के थियो भने प्रहार गर्दा यो पछाडि सर्दैनथ्यो । जबकि अरू तोपहरूमा गोली प्रहार भई छुटेर गएपछि गन जोडले पछाडि सर्ने गर्दथ्यो। तर यो गे-गन चलाउँदा चलाउने मान्छेलाई गोली लाग्न नपाओस् भनी यसमा अगाडिपट्टी मान्छेको टाउको छेकिने गरी धातुको पाता जडान गरिएको थियो । साथै यस गनको अर्को महत्त्वपूर्ण विशेषता के पनि थियो भने यसलाई केही डिग्री घुमाएर पनि प्रहार गर्न सकिन्थ्यो। यस हिसाबले यो गन आजको चौतर्फी प्रहार गर्न सक्ने आधुनिक ट्यांकरकै एउटा प्रारम्भिक स्वरूप थियो भनेर कतिपय इतिहासकारहरूले टिप्पणी पनि गरेका छन् ।

### वीर-गन

वि.सं. १९५३ मा गेहेन्द्र शमशेरले अर्को दुई नाले तोप पनि बनाए। यसलाई उनले आफ्नो पिता वीर शमशेरको नामसँग जोडेर 'वीर-गन' नाम दिएका थिए । यसका दुवै नालहरूबाट क्रमशः गोली चलाउन सकिन्थ्यो। यो पनि केही डिग्री घुमाएर प्रहार गर्न सकिने गरी बनाइएको थियो ।

### धीर-गन र चार नाले तोप

आफ्नो बाजे धीर शमशेरको नाममा गेहेन्द्र शमशेरले विकास गरेको यो तोपबारे इतिहासकारहरूले पर्याप्त जानकारी प्राप्त गर्न सकेका त छैनन् तर पनि त्यस समयमा यो गन पनि गेहेन्द्र शमशेरको महत्त्वपूर्ण वैज्ञानिक उपलब्धिकै रूपमा रहेको मानिएको छ। यस्तै उपलब्धिको रूपमा रहेको अर्को एकथरी तोपबारे पनि कमै मात्र जानकारी प्राप्त छ। तर एउटा उपलब्ध जानकारी अनुसार यो तोपमा जम्मा चारवटा नाल थिए ।

### मेशीन-गन, गोली, गोला र कार्टीज्स

गेहेन्द्र शमशेरले मेशीनगन पनि बनाएका थिए र उनले विभिन्न खाले गोली, गोला र कार्टिज्स (Cartiges) हरूको पनि निर्माण गरेका थिए ।

### फोटोग्राफी

गेहेन्द्र शमशेर बहुआयामी प्रतिभा भएका व्यक्ति थिए । सङ्गीत, खेलकूद, चित्रकलादेखि फोटोग्राफीमा समेत रुचि भएका र तालीम लिएका उनले त्यतिखेरको नेपालका निम्ति नयाँ प्रविधिकै रूपमा रहेको फोटोग्राफीको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएका थिए। यस क्रममा उनले फोटोग्राफीका निम्ति प्रयोग हुने रसायनहरू आफ्नै खर्चमा विदेशबाट मगाएका थिए। यसरी फोटोग्राफीको प्रयोग र विकास गरी उनले थुप्रै फोटो बनाउने काम पनि गरेका थिए।

यस्ता बहुप्रतिभाशाली नेपाली वैज्ञानिक गेहेन्द्र शमशेरको अन्ततः वि.सं. १९६३ मा ३५ वर्षको अल्प उमेरमैं अत्यन्त रहस्यमय ढङ्गले मृत्यु हुन पुग्यो । उनको मृत्युको वास्तविक रहस्य खुल्न नसके पनि प्रधानमन्त्री चन्द्र शमशेरले उनको राजनैतिक र सैन्य प्रभावबाट आशङ्कित भएर षड्यन्त्रपूर्वक हत्या गराएको हुन सक्ने केही इतिहासकारहरूले उल्लेख गरेका छन् ।

लेखक नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका निवृत्त वरिष्ठ प्रवर्धन अधिकृत हुन्। साभार: विज्ञान लेखमाला

# द्रोण पर्व–७०



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

अब शूरसेन देशका योद्धा वाणको वर्षा गर्दै उनलाई अघि बढ्नबाट रोक्न थाले। उनीहरूसित केही बेर मुकाबिला गरेर उनी कलिङ्गदेशीय योद्धाहरूसित भिडे। केही बेरमा दुष्कर कलिङ्गसेनालाई पार गरेर उनी अर्जुनछेउ पुगे। जसरी जलमा तैरेका मानिस स्थलमा पुगेर सुस्ताउन थाल्दछ त्यसै प्रकार अर्जुनलाई हेरेर पुरुषसिंह सात्यकिलाई बडो शान्ति प्राप्त भयो।

सात्यकिलाई आफूतिर आइरहेको देखेर श्रीकृष्णले अर्जुनसित भने–अर्जुन,



हेर, तिम्रो सामु सात्यकि आउँदैछन्। यी महापराक्रमी वीर तिम्रा शिष्य र सखा हुन्। यिनले सबै योद्धाहरूलाई तृणको समान बुझेर परास्त गरिदिएका छन्। यिनी तिमीलाई प्राणभन्दा पनि प्रिय छन्, यति बेला यिनी कौरव योद्धाहरूको भयङ्कर संहार गरी यहाँ फर्केका छन्। यिनले आफ्ना वाणहरूबाट द्रोणाचार्य र भोजवंशी कृतवर्मालाई पनि होच्याइदिएका छन् तथा तिमीलाई हेर्नको निम्ति यिनले ठूल्ठूला योद्धा मारेर यहाँ आएका छन्। यिनलाई धर्मराजले तिम्रो खबर लिन पठाएका हुन्। त्यसैले यिनी आफ्नो बाहुबलले शत्रुसेनालाई विदिर्ण पारी यहाँ आइपुगेका छन्।

अर्जुनले केही उदास हुँदै भने–महाबाहो, सात्यकि म छेउ आइरहेका छन्–यसबाट मलाई प्रसन्नता प्राप्त भइरहेको छैन। यिनी यहाँ आएपछि धर्मराज कुशल हुनुहुन्छ भन्ने कुरामा मलाइ शङ्का लागिरहेको छ, धर्मराज जीवित पनि हुनुहुन्छ कि भन्ने मलाई सुर्ता लाग्यो। यिनलाई त धर्मराजको रक्षा गर्नका लागि त्यहाँ पो हुनुपर्दथ्यो। यति बेला उनलाई असुरक्षित छाडेर यिनी यहाँ किन आउदै छन्? अब धर्मराज द्रोणाचार्यबाट असुरक्षित छन् र यता जयद्रथको पनि वध भइसकेको छैन। अझ भूरिश्रवा सात्यकितर्फ जाँदैछन्। सूर्य पनि ढलि सकेको छ र मैले जयद्रथको वध अवश्य नै गर्नुछ। यता सात्यकि थाकिसकेका छन् तथा यिनका सारथि र घोडाहरू पनि शिथिल भइसकेका छन् तर भूरिश्रवामा अहिलेसम्म कुनै किसिमको थकाइ देखा परिरहेको छैन र उनका अनेकौं सहायक पनि मौजूद छन्। यस्तो स्थितिमा के यी भूरिश्रवासित भिडेर कुशल रहन सक्नेछन्? धर्मराज द्रोणाचार्यबाट निर्भय भएर यिनलाई म छेउ पठाइदिएका छन्–यो उनको भूल हो कि जस्तो लाग्दैछ। उनीहरू निरन्तर धर्मराजलाई समात्ने दाउमा रहेका हुन्छन्, अनि यस्तो स्थितिमा धर्मराज कुशलसित होलान् त?

सञ्जयले भने–राजन्, रणदुर्मद सात्यकिलाई आइरहेको देखेर भूरिश्रवा क्रोधित भई उनीतर्फ दगुरेर उनीसित भन्न थाले–ओ हो, आज यस सङ्ग्रामभूमिमा मेरो धेरै दिनदेखिको इच्छा पूर्ण भयो। अब यदि तिमीले यहाँबाट भागेर गएनौ भने जीवित बाच्ने छैनौं। अनि सात्यकिले हाँसेर भने–कुरूपुत्र, मलाई तिमीसित युद्धमा कति पनि भय छैन। केवल कुरा मात्र गरेर कसैले पनि मलाइ तर्साउन सक्दैन। त्यसैले व्यर्थ बकवादले के फाइदा? काम गरेर देखाऊ। वीरवर, तिम्रो गर्जना सुनेर त मलाइ हाँसो उठ्छ। मेरो पनि तिमीसित जम्काजोरी खेल्न मन लागिरहेको छ। आज त तिमीलाई नमारि युद्ध मैदानबाट बाहिर जाने होइन।

यस प्रकार एक अर्कालाई तीतो–पिरो सुनाएर दुवै वीर क्रोधित भई आपसमा भयङ्कर युद्ध गर्न थाले। भूरिश्रवाले आफ्ना तिख्खर वाणले सात्यकिलाई आच्छादित पारेर उनलाई सिध्याउनको लागि दशवटा वाण हानेर घाइते पारिदिए र फेरि अनेकौं वाणको झरी लगाइदिए तर सात्यकिले आफ्नो अस्त्रकौशलबाट ती वाणहरूलाई बीचमैं काटिदिए। यसपछि उनीहरू आपसमा नानाथरीका शस्त्रहरूको वर्षा गर्न थाले। दुवैले एक अर्काका घोडा मारेर एक अर्काको धनुष पनि काटिदिए। यस प्रकार दुवैजना रथहीन भए तथा हातमा ढाल तरबार लिएर युद्धका विभिन्न किसिमका कौशल प्रदर्शन गर्न थाले। यी यशस्वी वीर भ्रान्त, उद्भ्रान्त, आबिद्ध, आप्लुत, सृत, सम्पात र समुदीर्ण आदि अनेकौं प्रकारको गति देखाउँदै मोका पाएर एक अर्कामाथि तरबारको वार गर्न थाले। दुवैले आफ्नो शिक्षा फुर्ति, सफाइ र कुशलताको परिचय दिदै एक अर्कालाई होच्याउने प्रयास गर्न चाहन्थे। अन्तमा दुवैले तरबारले एक अर्काको ढाल काटिदिएर आपसमा बाहुयुद्ध गर्न थाले। दुवै मल्लयुद्धमा निष्णात् थिए, उनीहरूका छाती फराकिलो तथा भुजाहरू लामा लामा थिए। अतः उनीहरू आफ्ना लौहदण्ड समान सुदृढ भुजाहरूमा एक आपसमा गुट्मुटिए। मल्लयुद्धमा दुवैको शिक्षा उच्च किसिमको थियो र दुवै धेरै बल सम्पन्न थिए। त्यसैले उनीहरूको ताल ठोक्ने, जीउ बेर्ने र हात समात्ने कौशल हेरेर योद्धाहरूलाई बडो प्रसन्नता हुन्थ्यो। त्यति बेला सङ्ग्रामभूमिमा भिडेका ती दुवै वीरहरूबाट बज्र र पर्वतको ठक्करको समान बडो घोर शब्द आइरहेको थियो। उनीहरूले भुजालाई बेरेर, टाउकोमा टाउको जोरेर, खुट्टा तानेर, तोमर, अंकुश नामक दाउपेच देखाउँदै भुँडीमा घुँडा टेकेर, पृथ्वीमाथि घुमाएर, अगि–पछि हटेर, धक्का हानेर, खसालेर र माथि उफ्रेर अटल युद्ध गरे। मल्लयुद्धका बत्तीसवटा दाउहरू हुन्छन्, ती जम्मैको प्रयोग देखाउँदै उनीहरूले डटेर कुश्ती गरे। क्रमशः...।

---

बाल लघुकथा

# फैसला - वैद्यनाथ ठाकुर

कक्षा नौ र दसका विद्यार्थीहरूले प्रधानाध्यापक महेश पाण्डेलाई बाहिरबाट ताल्चा लगाई कार्यालयभित्रै थुनी दिएपछि नेपालगंज बजारमा एकैछिनमा उथलपुथल ल्यायो। कहिले विद्यालयमा देखा नपर्ने प्रमुख जिल्ला अधिकारी, एसएसपी तथा महानगरपालिकाका मेयरसमेत आधा घण्टाभित्रै आइपुगे र विद्यार्थीहरूलाई बडो नम्र स्वरमा सभाहल भित्र बसाएर सोधे – के भएको रहेछ, नडराई भन्नुस्। तपाईंहरूको माग के हो? जायज रहेछ भने हामी पूरा गर्छौं।

कक्षा दशकी सीताले भनिन्– हाम्रो स्कूल बालमैत्री भएन। हेडसरले हामीलाई चाहिने नचाहिने कुराहरूमा तथानाम गाली गरिरहनुहुन्छ। तैपनि हामी गुरु भनी चुपचाप सहेरै बसेका थियौं। तर आज अति भो। सीमा नै नाघेपछि हामीले वहाँलाई थुनेर राखेका छौं। हजुरहरू दश मिनेट अरू नआउनुभएको भए कालोमोसो दलेर जुत्ताको माला लगाएर बजार परिक्रमा गराउँथ्यौं।

एसएसपीले सम्झाउदै भने – भएको के हो त्यो भन्नुस्। हामीमाथि भरोसा गर्नुस्। हामी छानबीन गरी अवश्य कारबाई गर्छौं।

कक्षा नौका मुकेशले भने– अस्ति हजुरहरू जस्तै हाम्रो हेडसरले पनि कारबाई गर्छु भन्नुभयो तर कुनै कदम चाल्नुभएन। अब हाम्रो विश्वास कसैमाथि छैन। हामी आफै कारबाई गर्छौं।

त्यसपछि प्रमुख जिल्ला अधिकारीले आफ्नो परिचय दिंदै भने– मेरो मातहतमा पूरै जिल्ला छ। तपाईंहरू चिन्ता नगर्नुस्। भन्नुस् के भएको रहेछ। तपाईंहरूकै बुवाआमाले मत हालेर जिताएको वहाँ मेयर साहब पनि साक्षी हुनुहुन्छ। हामी अवश्य दूधको दूध र पानीको पानी छुट्याउँछौं।

कक्षा दशका बृजमोहनले भने– त्यसो भए सुन्नुस्, हाम्रै दश कक्षाकी रीता गणितको झा सरसँग ट्युशन पढ्न चार बजेपछि विद्यालयमैं कक्षा कोठामा बसिरहँदा वहाँले परीक्षामा नम्बर बढाइदिन्छु भन्दै छातीमा हात लगाउँदा उनले विरोध गरिन्। पछि हामी हेडसरसँग कुरा गर्दा म कारबाई गर्छु भन्नुभो तर वहाँले झा सरको ससम्मान सरुवा मात्रै गर्नुभो। पछि हामीले कुरा बुझ्दा झा सरले स्कूलको लेखापालको पनि काम गरेको हुनाले हेडसरले गरेको सबै भ्रष्टाचारबारे थाहा रहेकोले आफू फस्ने डरले हेडसरले कारबाई नगरेकोले हामी विद्यार्थीहरूले नै छिनोफानो गर्न लागेका हौं – भने।

विद्यार्थीहरूको कुरा सुनिसकेपछि विद्यार्थीसमेतको सहभागितामा एउटा पाँच सदस्यीय छानबीन कमिटी बन्यो। एक हप्तामा उसले दिएको प्रतिवेदनको आधारमा झा सर र हेड सर दुवैजनालाई निलम्बन गरी विभागीय कारबाईको सिफारिश गरियो।

## कहाँ छ मेरो अस्तित्व

- जायफरद्दीन हवारी

म जन्मँदा सबैले दुःख आयो भन्थे, दुर्भाग्य जन्मियो भन्थे
किन छोरा भए राम्रो, छोरी भए नराम्रो भन्छन्
के यो संसारमा कसैलाई मेरो खाँचो छैन ?
यो संसार मविना चल्न सक्छ ?
छोरा–छोरी दुवैको संसार चलाउने भूमिका हुन्छ
कर्तव्य र दायित्व दुवैको एउटै हुन्छ
छोराभन्दा छोरीको महत्त्व कम हुन्छ र ?
कहिले यो संसारको दृष्टि बदलिन्छ ?
रजस्वला र गर्भको पीडा सहने छोरी नै हुन्छिन्
सतिप्रथाको समयमा पतिसँगै जल्ने पनि महिला नै हुन्थिन्
आज दाइजोको कारण छोरी जिउँदै जलिरहेकी छन्
कहाँ छ मेरो अस्तित्व ?

– बिएड प्रथम वर्ष, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज

---

# पदयात्रा, अध्ययन, साहित्यिक

समालोचना



शीतल गिरी

**गुमाने भञ्ज्याङमा एउटा साइनबोर्डले ऐतिहासिकस्थल रानीकोट जाने बाटो देखाइरहेको थियो। भ्रमणमा निस्केकालाई के चाहियो ? तर यस पदयात्रामा रानीकोट जाने कुरै थिएन।**

२०७३ फागुन ६ गतेको बिहान ७.३० बजे साङा भञ्ज्याङमा आइपुग्न स्रष्टा पदयात्री मित्रहरूमा जानकारी गराएको हुँदा समय अगावै डिल्लीराज अर्याल, जय छाङछा, डा. भक्त राई र म पुगिसकेका थियौं।

बसबाट ओर्लदै गरेका नारायण तिवारी र शशि थापा पण्डितलाई देख्यौं।

हजुर जसध्वज गुरुङ, श्रीओम श्रेष्ठ रोदन र डा.धनप्रसाद सुवेदी पनि देखिनु भयो। हामी लेखक हौं, लेखनमा रमाएका श्यामबहादुर भावुक, कल्पना आङबुहाङ, छिमित्मा साङमेन र प्रेम स्याङतान पनि आएपछि यात्रा प्रारम्भ गर्‍यौं।

प्रेम स्याङतान यस यात्राको पथप्रदर्शक थिए। हाम्रो प्रत्येक यात्रामा एकजना जानकार व्यक्ति हुन्छ, पथप्रदर्शक। बाटोमा भेटिएका गाउँ, रमणीय स्थानबारे जानकारी गराउने जिम्मेवारी पथप्रदर्शकको रहन्छ। उकालो उक्लिएर पश्चिमतर्फ लाग्यौं, देखिएको भेटिएको तामाङबस्ती काभ्रे जिल्लामा थियो। हामी काभ्रेमा हिंड्दै थियौं। ठाउँ ठाउँमा २०७२ को भुइँचालोले पारेको बीभत्स स्वरूप पनि देखियो, भूकम्प प्रतिरोधक घरका नमूना पनि पाइयो, सबभन्दा खुशीको कुरा त विद्यालय जाँदै गरेका छात्र–छात्राहरू प्रशस्त भेटिनु नै रह्यो।

भञ्ज्याङको डाँडामा चाक्लो मोटरबाटो भेटिएपछि यात्रा सहज बन्यो। आशापुरी नजीक छोटो बाटो हिंड्दा ओरालो ओर्लिंदाको क्षण भने बडो रोमाञ्चक थियो। आशापुरी– दुई नदीको बीच बडो आकर्षक यस ठाउँमा भक्तजनको घुइँचो– घुइँचो हुनु स्वाभाविकै हो। पवित्र मनले आशा गरेको कुरा आशापुरेश्वर महादेवले पुर्‍याउँछन् मात्र होइन, पुर्‍याएका पनि छन् भन्ने भक्त पनि भेटिए।

त्यहाँबाट हामी कालोपत्रे सडक समातेर पश्चिमतर्फ लाग्यौं। सडकको देब्रेपट्टीको पाटो पहेंलपुर तोरीले रमणीय बनाएकोथ्यो, हाम्रो ध्यान तान्यो।

यो त संसारकै चलन हो, जुन कुरो राम्रो छ, सम्मुखमा छ, अवश्य हेरिन्छ। यसलाई सौन्दर्य प्रेम या राम्रोप्रति चाहना पनि भन्न सकिन्छ। पहेंलपुर तोरी हेर्दै अगाडि बढेर पानीको सुविधा र चउर जस्तो ठाउँ भेटिएपछि झुरूप्प बस्यौं। बस्नु के थियो, भोक लागेको हुँदा भोजनमा जुट्यौं। त्यहाँबाट हामी बिस्तारै कालोपत्र सडकैसडक उकालो उक्लिंदै गुमाने भञ्ज्याङ पुग्यौं। हिजोको यो चल्ती बाटो भए पनि आज चुपचाप मौन व्रत बसेको जस्तो लाग्दछ।

गुमाने भञ्ज्याङमा चौबाटो भेटियो– त्यहाँबाट हामी आएको बाटैबाटो पूर्वतर्फ गए आशापुरेश्वर महादेव थान पुगिन्छ। हामी आफ्नो आवश्यकता अनुसार पश्चिमतर्फको बाटो समातेर घ्याम्पेडाँडा, पाइलट बाबाको आश्रम हुँदै सूर्यविनायक गएका थियौं। हो त्यही घ्याम्पेडाँडामा गोदावरीबाट डाँडैडाँडा हिंडेर आएका तीनजना भेटेका थियौं। कुरा के भने दक्षिणतर्फको बाटो समातेर गए लाँकुरी भञ्ज्याङ हुदै गोदावरी जान सकिने रहेछ। उत्तरतर्फ गए विभिन्न गाउँ घर हुँदै साँगाको मूल सडक पुग्न सकिने रहेछ। पत्रिकामा यदाकदा यताको पनि कुरो छापिंदो हो, स्रष्टा पदयात्रीको लागि त्यो महत्त्वपूर्ण कुरो होइन र थिएन। के केही शब्दमा, केही कोलममा, पृष्ठमा यहाँको सौन्दर्य अटाउन सक्छ? मूल कुरो यो हो। पदयात्रा गर्दा कतिपय ठाउँमा मन हाँस्छ, कतिपय ठाउँमा कटक्क दुख्छ, सौन्दर्य र बीभत्सता देख्दछ, वैभव र दयनीय अवस्था पाउँदा पक्कै निरपेक्ष बन्न सकिन्न। पदयात्री, त्यसमा पनि स्रष्टा,ले अनुभूत नगर्ने त कुरै भएन। पदयात्रामा वर्तमान मात्र होइन विगत पनि थाहा पाइन्छ। पढेर थाहा पाउनु भन्दा प्रत्यक्ष भएर थाहा पाउनु स्रष्टाको सफलता हो। यथार्थ कुरा थाहा पाउन नै भ्रमण गरिन्छ। राजनीति तात्कालिक सम्भावनाहरूको खेल हो र चतुर खेलाडीले बाजी जित्ने गर्छ। राजनीतिको प्रमुख कुरो सिद्धान्त होइन रहेछ, सफलता पो रहेछ।

गुमाने भञ्ज्याङमा एउटा साइनबोर्डले ऐतिहासिकस्थल रानीकोट जाने बाटो देखाइरहेको थियो। भ्रमणमा निस्केकालाई के चाहियो? यस पदयात्रामा रानीकोट जाने कुरै थिएन। रानीकोट जाने, नजाने विषयमा सामान्य छलफल भयो। स्रष्टा पदयात्रामा तात्कालिक कारण होइन, पहिले नै छलफल गरेर जाने र हेर्ने स्थान तोक्ने गरिन्छ। यसै आधारमा स्रष्टा सहभागी भएका हुन्छन्। सबै कुरो एउटै यात्राबाट थाहा पाउन खोज्ने पनि हुन्छन्। यसबाहेक निश्चय गरेकोभन्दा अन्यत्र जानु उचित होइन भन्ने आवाज पनि उठ्यो। जान चाहनेलाई रानीकोट भएर घ्याम्पेडाँडा आउन भनियो। नयाँ ठाउँ हेर्ने लालसा मनमा नभएको होइन। डिल्लीराज अर्याल, जय छाङछा, डा. भक्त राई, नारायण तिवारी, शशिथापा पण्डित, जसध्वज गुरुङ, डा. धनप्रसाद सुवेदी, श्यामबहादुर भावुक र प्रेम स्याङतान रानीकोट जान उकालो उक्लिए। रानीकोटको लिच्छवीकालीन कोटमा पुगेर स्रष्टा पदयात्रीले सफलता प्राप्त गरे। कतिपय नयाँ कुरा ज्ञान प्राप्त गरेर धन्य भए। त्यहाँ यात्रा गर्दा मित्रहरू प्रसन्न थिए। शब्दबाट खासै केही बताएनन्। त्यहाँ देखिएको सौन्दर्यमा लठ्ठिएका पो थिए कि! उनीहरूले अनुभूत गरेको सत्य लेखनको माध्यमबाट बयान गर्न थाती राखेको पनि हुन सक्छ। सुकरातकै कुरा गरौं आज एकदम प्रख्यात भएका छन्, तर उनको घरपरिवार, रहनसहनबारे धेरैलाई थाहा छैन, थाहा भएको कुरो उनी विष पिएर मरेका थिए। कुरो के भने शब्दको कमीले भन्न खोजेको कुरा पूर्ण हुँदैन। शब्दमा सामर्थ्य छ भने त्यस्ता सत्य शब्दको रक्षा गर्न स्रष्टा मर्न तयार हुन्छ, जसरी सुकरात भएका थिए।

लिच्छवीकालीन रानीकोटले आफ्नो सत्य राखेको छ। त्यस कोटले कति युद्ध झेलेको होला, त्यहाँको ढुङ्गा र ईंटालाई मात्र थाहा छ। अन्वेषकको कर्तव्य भनेको रानीकोटको सत्य देश–सत्ये, युग–सत्य, जन–सत्य हो, त्यो खोज्नु हो। रानीकोट अतीतको गौरव हो। रानीकोटमा सौन्दर्यप्रेमी, हाइकीङमा रमाउने, पदयात्री मात्र जाँदैनन्, अन्वेषक पनि जान्छन्। यो कुरो स्पष्ट छ पुराना किल्लाहरू दुश्मन सहजै पुग्न नसक्ने अप्ठेरो र अग्लो ठाउँमा बनाइएको हुन्छ। रानीकोट पनि शस्त्र–सैन्य दृष्टिले अद्वितीय छ। त्यसै भएको हुँदा त पुरातत्त्वले पनि महत्त्व दिएर संरक्षण गर्न थालेको छ।

घ्याम्पे डाँडाको कुरा अर्कै छ। तुलनात्मक हिसाबले भर्खर रमाउन थालेको किशोरीझैं लाग्दछ। न आवश्यक पूर्वाधार छ, न प्राकृतिक सौन्दर्य नै। वरिपरि वनजङ्गल, सौन्दर्यले राम्ररी प्रशोधित गर्न नभ्याए पनि घ्याम्पे डाँडाको सौन्दर्यमा कमी भने नभएको थाहा हुन्छ। वनमा फुलेको गुराँसको सौन्दर्य नै यस नवीन बजारको अन्तःकरण हो। चारैतिरबाट वनले घेरिएको उपलब्धि र प्रसन्नता नै सौन्दर्यको रूपमा घ्याम्पे डाँडासँग छ, यसको अभावमा यो निर्जन हुने थियो। भरखरै विकसित हुन थालेकी किशोरी सत्य, व्यावहारिक हुनै सक्दैनन्। यो आदर्श सत्य हो। अर्काको देखासिकीबाट चाहिने नचाहिने हठ पालेको हो कि भन्ने लाग्दछ। यही हठमा त भँवराहरू मडारिन्छन्, त के गर्ने? हो घ्याम्पेडाँडामा भञ्ज्याङभित्रका भँवरा रमाउन आउँदा रहेछन्। रमाउन आउनेलाई स्वागत गर्न तयार पनि छ घ्याम्पेडाँडा। मानौं आकर्षण एकतर्फको मात्र होइन। मलाई लागेको मात्र होइन, देखेकै हुँ घ्याम्पेडाँडा पिकनिक स्पटको रूपमा प्रख्यात छ। किन नहोस् त सुगम र सौम्य छ, अनि रमणीय पनि। एक त सफा छ, अर्को वरिपरि खुला र अलि पर पर्याप्त हरियाली छ। रमाइलो गर्न चाहनेहरू भीडभाडभन्दा शान्त स्थान मन पराउँछन्। घ्याम्पेडाँडा यातायातले सुगम, शान्त र हरियालीयुक्त छ। यहाँसम्म पिकनिकमा आएकाहरू डुल्न–घुम्नको लागि रानीकोट, गुमाने भञ्ज्याङ, पाइलट बाबाको आश्रम, आशापुरी, डोलेश्वर अथवा वन–जङ्गलमा रमाउन सक्छन्। पिकनिक आएकाहरू नाचन मात्र रमाउँदैनन्, स्वभाव अनुसार डुल्छन्, घुम्छन् र अवलोकन गर्छन्। हामीले हातभरि लाली गुराँसको फूल लिएर पिकनिक स्थलतर्फ जाँदै गरेका टिनएजरहरू भेटेका थियौं।

रानीकोट पुगेर फर्केका स्रष्टा पदयात्री यही घ्याम्पेडाँडा आइपुगेका थिए। पिकनिकमा रमाउँदै गरेका हुलका हुल विद्यार्थीहरू पनि भेटिए, उनीहरूलाई पाइलट बाबाबारे के मतलब। अहिलेका पाइलट बाबा भारत–पाक युद्धका बेला भारतीय सेनाका बमवर्षक विमानका पाइलट थिए। यिनैले खसालेको बमबाट धेरै पाकिस्तानी सैनिक हताहत भएका मात्र होइन, युद्ध नै निर्णायक मोडमा पुगेको थियो। मृत्युलाई नजीकबाट देखेका यिनले युद्ध जितेर पनि हारेको ठाने, पूर्वीय दर्शनको अध्ययनले युद्ध राजनीतिको फरेबी खेल देखे। मन अशान्त भएपछि शान्तिको खोजीमा निस्के, विक्षिप्त बने। विक्षिप्त अवस्थामा एक दिन हेटौंडादेखि उत्तरतर्फ बाइरोडको बाटोमा रहेको त्रिखण्डी पुगे। त्यहाँ झरनाको नजीक बसेर कहिले हाँस्ने, कहिले रुने विचित्र किसिमको व्यवहार देखाउँदै थिए। यिनको यस अवस्थालाई त्रिखण्डीका स्वामी महाराजले बडो गम्भीरतापूर्वक विचार गरिरहेका थिए। हो, उनै त्रिखण्डीका स्वामी महाराजको ज्ञानले यिनमा परिवर्तन ल्यायो र रहँदा–बस्दा उनको शिष्य बने। पुरानो बाना, नाम परिवर्तन भयो र यिनी सोमनाथ गिरी उर्फ पाइलट बाबा बने। हो हामी कालोपत्रे सडकैसडक ओरालो ओर्लदै सहकदेखि देब्रेतर्फ रहेको पाइलटबाबाको आश्रम गयौं।

यो त भयो पदयात्रा र अध्ययन। हामीसँग अर्को पनि जोडिएको छ साहित्य। हो वर्तमान समयमा साहित्यको दुर्भाग्य नै छ, किनभने यो न कार्यबाट निरपेक्ष कारणतर्फ नै जान सक्दछ, न कारणलाई कार्यको मातहत राखेर आफूबाट ओझेल बनेको नै सहन सक्दछ। साहित्यको दुवै खुट्टा अलगअलग डुङ्गामा रहने गर्दछ। र ती दुई डुङ्गा खियाउने परस्पर विपरीत हिड्नबाट रोक्न सक्दैन। यस कारण साहित्यकारको जीवनमा विचलन आउने डर सधैं रहन्छ। देखिएको पनि छ साहित्यकारले न आदर्श छोड्न सक्छ, न यथार्थलाई नै छाड्न सक्छ। 'स्वास्थ्य र सिर्जनाका लागि पदयात्रा'को नारा लगाएर हामी आदर्श र यथार्थ यी दुवैलाई समन्वयमा देख्न र देखाउन चाहन्छौं। हो हामीले पाइलट बाबाको आश्रममा कवि गोष्ठी गरेका थियौं– त्यहाँ अवलोकन गर्न आएका भक्तजन र दर्शनाभिलाषीलाई श्रोता बनाएर। पदयात्री हामीमा कुनै किसिमको हठ छैन, यसकारण हाम्रो मुहारमा तेजको ठाउँमा विनय पाइन्छ। यो स्रष्टा पदयात्रीको पहिचान हो।

भाद्र, २०७५ मध्यपुर ८ बोडे/भक्तपुर

## अन्तर्राष्ट्रिय समाचार

# अत्यधिक मात्रामा भण्डारबाट तेल निकाल्न बाइडनको आदेश

## ऊर्जा अभावको सङ्कट समाधान नहुने विश्लेषकको भनाइ

वाशिंगटन, १८ चैत/एएफपी



अमेरिकी राष्ट्रपति जो बाइडनले रूस–युक्रेन युद्धका कारण विश्व बजारमा आएको इन्धनको अभावसँगै इन्धनको बढ्दो मूल्य समायोजनका लागि अमेरिकी रणनीतिक भण्डारबाट ठूलो परिमाणमा तेल निकाल्न निर्देशन दिएका छन् ।

आउँदो छ महीनामा सन् १९७४ मा त्यस्तो भण्डार सिर्जना गरिए यताकै उच्च १८ करोड ब्यारलसम्म तेल निकालिने अमेरिकी प्रशासनले जनाएको छ ।

यद्यपि दैनिक १० लाख ब्यारलको दरमा तेल निकालेर ऊर्जा सङ्कट समाधान नहुने विश्लेषकहरूले बताएका छन्। यस्तो प्रयासले विश्वव्यापी अभावका लागि अस्थायी समाधान मात्र दिने तर रूसबाट रोकिएको आपूर्तिको अभाव पूर्ति नहुने विश्लेषकहरूले बताएका बिबिसीले उल्लेख गरेको छ ।

यो वर्षको अन्त्यसम्म आन्तरिक उत्पादन बढ्नु अघि तेल सङ्कट समाधानको एउटा सामान्य पहलस्वरूप बाइडेनले पछिल्लो कदम चालेका हुन् ।

रूस साउदी अरबपछिको संसारकै सबैभन्दा ठूलो तेल आपूर्तिकर्ता भएको र रूसबाट तेल खरीदमा प्रतिबन्धको घोषणा गरेसँगै अमेरिका, युरोपलगायत विश्व बजारमा तेलको अभाव देखिएको र तेलको उच्च मागका कारण मूल्य वृद्धि भएको छ ।

यद्यपि कतिपय अमेरिकी सञ्चारमाध्यमले बाइडनको घोषणा लगत्तै बजार मूल्यमा केही प्रभाव परेको बताएका छन् । ऊर्जाको बढ्दो मूल्य अमेरिकासहित अहिले संसारभर एउटा राजनीतिक मुद्दा बनेको छ । रासस

# कश्मीरमा गाडी दुर्घटनामा परी नौजनाको मृत्यु, चार घाइते

श्रीनगर, १८ चैत/सिन्ह्वा

कश्मीरमा विवाहमा सहभागीहरूलाई बोकेर गुडिरहेको गाडी दुर्घटनामा परी कम्तीमा नौजनाको मृत्यु भएको र अन्य चारजना गम्भीर घाइते भएका प्रहरीले शुक्रवार जनाएको छ ।

भारत नियन्त्रित कश्मीरको ग्रीष्मकालीन राजधानी श्रीनगर शहरबाट करीब १४७ किलोमिटर दक्षिणपश्चिममा पुँछ जिल्लाको बाफियाज क्षेत्रमा गाडी अनियन्त्रित भई बिहीवार साँझ गहिरो खोल्सामा खसेको र उक्त घटनामा वैवाहिक कार्यक्रममा गएका व्यक्तिहरूको निधन भएको हो ।

“गत साँझ विवाह भोजमा सहभागी मानिसहरूलाई गाडीको सीट क्षमताभन्दा बढी लिएर गुडिरहेको समय उक्त सवारी साधन पहाडी बाटोबाट करीब ३०० फिट गहिरो खोल्सामा खसेको थियो ।

एक प्रहरी अधिकृतका अनुसार छजना घटनास्थलमा र अन्य तीनजनाको अस्पतालमा उपचारको क्रममा निधन भएको हो ।

“दुर्घटनामा चालकसहित अन्य चारजना गम्भीर घाइते भएका र उनीहरूको अस्पतालमा भर्ना गरी उपचार भइराखेको प्रहरीले जनाएको छ ।

प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार घुमाउरो बाटो काट्दै गर्दा चालकले गाडीमाथि नियन्त्रण गुमाएको बताइएको छ । नौजना यात्रीको क्षमता भएको उक्त गाडीमा १३ जना यात्रा गरिरहेको बुझिएको प्रहरी स्रोतले बताएको छ ।

दुर्घटनालगत्तै स्थानीयवासी र प्रहरीले घटनास्थलबाट मृत शरीर तान्न र घाइतेको उद्धारको प्रयास शुरू गरेको प्रहरीले बताएको छ। भारतमा अक्सर क्षमताभन्दा बढी भार लिएर सवारी साधन सडकमा गुड्नु, सडकको खराब अवस्था र चालकको लापरवाहीका कारण दुर्घटना हुने गर्छ । रासस

## गोरखपुरको....

अब आफ्नो फ्लाइटको समय पनि हुन थालेको छ । एक घण्टा पहिले पुग्नैपर्नेमा हामी कम्तीमा साढे दुई घण्टा पहिले आइपुगेका छौं र बएक घण्टा पहिले हुन अब केही समय बाँकी छ । केही मानिसको नाम एनाउन्स भइरहेको छ, सुरक्षाकर्मी पनि खोजिरहेका छन् तर भेटिएका छैनन् । अन्तिम चेतावनी पनि दिइन्छ । एकजना हस्याङफस्याङ गर्दै आइपुग्छन्, अरू छुट्छन् ।

हाम्रो फ्लाइटको समय हुन थालेको छ। अरू दुई फ्लाइटको समयको जसरी ठीक एक घण्टा बाँकी रहँदा बोर्डिङ भएको थियो, त्यसरी हाम्रो भएन। करीब पाँच मिनेट ढिलो हुन खोज्दा एकदमै छटपटी भयो ।

एक दुई मिनेट बाँकी छँदै भौतिक र मनोवैज्ञानिकरूपमा पूर्ण तयार भएर अत्यन्त उत्सुकतासाथ तयार भएर बसेको अवस्थामा अरूको बोर्डिङको समयभन्दा केही मिनट ढिलो हुन जाँदा भने धेरै छटपटी हुँदो रहेछ । एक बजेर सात मिनेट जाँदा हाम्रो बोर्डिङ हुन्छ । फ्लाइटको निर्धारित समय एक बजेर पचपन्न मिनेट हो । जब बोर्डिङ हुन्छ, तब एउटा फरक हतार हुन्छ ।

क्रमशः लाइनमा उभिन्छौं र सामान्य चेक हुँदै लाइन अगाडि बढ्न थाल्छ । पहिलेदेखि नै चेक भनेको चाहिं टिकट चेक रहेछ। मेशीनले टिकट पढ्दो रहेछ। टिकट यसै फ्लाइटको हो र यही नाम तथा सिटको हो भन्ने कन्फर्म गर्दै अगाडि बढ्दो रहेछ ।

त्यहाँबाट अगाडि बढेर जब हवाईजहाज नजीक पुग्छु, तब लाग्छ कि हवाईजहाज यति धेरै ठूलो पनि हुन्छ। पहिले त बसभन्दा अलिकति ठूलो होला भन्ने अनुमान गर्थें। वास्तवमा कैयौं बस बराबर एउटा हवाइजहाज हुँदो रहेछ ।

कोही अगाडिको गेटबाट पसिरहेका थिए र कोही पछाडिको गेटबाट । एक जनाले टिकट हेर्दै अगाडि वा पछाडि भनिरहेका थिए । कतिपयले आफ्नो टिकट नदेखाइकनै मुखले नै आफ्नो सिट नम्बर भन्दै जताबाट चढ्नुपर्ने हो, उता गइरहेका थिए ।

मेरो टिकट देखेर पछाडिको गेटतिर इशारा गर्छन्। दुवै गेटमा सिंढी लागेका छन् । सिंढीबाट माथि उक्लँदै जब हवाइजहाजभित्र पस्छु, फरक दुनिया पाउँछु। स्वागत पाउँछु र आनन्द पाउँछु। आफ्नो सिटमा गएर बस्छु। मेरो सिटमा म र छोरी । अगाडिको सिटमा दाजु बहिनी। उनीहरूसँगै अर्को मानिस आएर बस्छ। संयोगले मेरो सिटसँगैको एउटा खाली भइरहन्छ ।

तोकिएको समयभन्दा तीन मिनेट पहिले नै हवाइजहाज गुड्न शुरू गर्छ रनवेमा । तीनजना यात्रु छुटेका छन् । दुई सय उन्चालीस यात्रु हुनुपर्नेमा दुई सय छत्तीस यात्रु छन् ।

अढाई घण्टाको प्रतीक्षा सकिएर लगभग चार मिनेट धावन मार्गमा गुडेपछि हैदराबादको लागि हवाइजहाजले गोरखपुरको धर्ती छोड्छ ।

## रेल सञ्चालन.......

खरीद भएको हो । कम्पनीले रेल सञ्चालनका लागि दक्ष प्राविधिकसहित प्रशासनिकलगायत आवश्यक कर्मचारी भर्ना गरेको छ ।

रेल सञ्चालनका लागि हाल २६ भारतीय र ५९ नेपाली कर्मचारी कार्यरत रहेको कम्पनीले जनाएको छ। भारतीय कर्मचारीमा खासगरी चालक दलका र केही इन्जिनीयर रहेको महाप्रबन्धक झाले जानकारी दिए। कुर्थाबाट जयनगर वा जयनगरबाट कुर्था ३५ किमीका लागि सामान्य सिटमा रु ९० भाडा दर तोकिएको छ। एसीका लागि भने त्यसको पाँच गुणा अर्थात् रु ४५० तिर्नुपर्ने कम्पनीले जनाएको छ । कम दूरीमा यात्रा गर्दा स्वतः भाडादर त्योभन्दा कम हुनेछ ।

रेलसम्बन्धी अध्यादेश पुनः जारी भएसँगै जयनगर–जनकपुर रेल सञ्चालनको बाटो खुलेको थियो । सरकारको सिफारिशमा राष्ट्रपति विद्यादेवी भण्डारीले रेल्वे अध्यादेश, २०७८ जारी गरेकी थिइन्। यस अघि गत मङ्सिरमा नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम जारी भएको रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश सङ्घीय संसद्बाट पारित हुन नसक्दा स्वतः निष्क्रिय भएको थियो ।

संसद् अधिवेशन अन्त्य भएसँगै सरकारको सिफारिशमा राष्ट्रपति भण्डारीले पुनः रेल्वे अध्यादेश जारी गरेपछि रेल सञ्चालन गर्ने बाटो खुलेको थियो। जनकपुर–कुर्था रेलमार्ग निर्माणका लागि सरकारले भारत सरकारसँग सन् २०१० मा सम्झौता गरेको थियो। त्यसको एक–डेढ वर्षपछि काम शुरू भएको थियो ।

भारत सरकारसँग सीमा क्षेत्रमा पाँच स्थानमा रेलमार्ग निर्माण गर्नेगरी सम्झौता भएको थियो। तीमध्ये जयनगर–कुर्था र विराटनगर–जोगबनीबाहेक अरू तीन स्थानमा निर्माण काम शुरू हुन सकेको छैन। सीमा क्षेत्रमा निर्माण गर्ने भनिएको अरू तीन रेलमार्गमा जलपाइगुडी–काँकडभिट्टा, नौतनहवा–भैरहवा र नेपालगंजरोड–नेपालगंज छन्।

विगतमा लामो समयदेखि रेल सेवा ठप्प हुँदा रेल्वे कम्पनी पनि निष्क्रिय बनेको थियो। नेपालमा राणाकालमैं विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगंज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो। विसं २०७० देखि रेलमार्ग सञ्चालन हुन सकेको थिएन। रेलमार्ग सुधार गरी जाने नेपाल भारतबीचको समझदारी अनुसार ब्रोडगेजमा यो रेलमार्गको निर्माण भएको हो ।

जयनगर–कुर्था–बर्दिवाससम्मको रेलमार्ग निर्माणको अनुमानित लागत रु पाँच अर्ब भारु रहेको छ । नेपाल सरकारले रेलगाडीको मूल्य रु एक अर्ब तिरेको छ। बिजुलपुराबाट बर्दिवाससम्म रेलमार्ग निर्माणका लागि जग्गा प्राप्ति काम अघि बढेको छ ।

# चितवनको आठ ठाउँमा एकैपटक देखियो बर्डफ्लू

चितवन, १८ चैत/रासस

जिल्लाका विभिन्न आठ ठाउँमा बर्डफ्लू देखिएको छ । विगत केही दिनदेखि फरक–फरक स्थानमा बर्डफ्लू देखिएको हो। पोल्ट्रीको राजधानी भनिने चितवनमा धेरैतिर बर्डफ्लू देखिएपछि नियन्त्रणको प्रयास गरिएको छ ।

भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भरतपुरका अनुसार जिल्लाको खैरहनी नगरपालिका–२ स्थित किरणप्रसाद कँडेलको तात्रीवास पशु विकास तथा कृषि अनुसन्धान केन्द्र प्रालि, भरतपुर महानगरपालिका–८ को मदनकृष्ण माननधरको कमर्सियल लेयर्स फार्म र भरतपुर महानगरपालिका–२३ मा अवस्थित खेमलाल भुसाल र चन्द्र भुसालको कुखुरा फार्ममा बर्डफ्लू पुष्टि भएको हो ।

यसैगरी भरतपुर महानगरपालिका–१६ स्थित एजे पोल्ट्री फार्म, भरतपुर–२३ का अविशेक रामदामको फार्म, खैरहनी नगरपालिका–१० स्थित राजु बुर्लाकोटीको कुखुरा फार्म, खैरहनी नगरपालिका–३ स्थित ध्रुव अधिकारीको कुखुरा फार्म र खैरहनी नगरपालिका –६ स्थित राजाराम पण्डितको कुखुरा फार्ममा बर्डफ्लू देखिएको हो ।

ती फार्ममध्ये कँडेल, मानन्धर र भुसालको फार्म अनुगमन गरी त्यसको परिधि क्षेत्रभित्रका पक्षी नष्ट गर्ने निर्णय भएको कार्यालयका अधिकृत प्रभात न्यौपानेले जानकारी दिए। उनका अनुसार अन्य ६ वटा फार्ममा टोलीले अनुगमन गरेर परिधि तय गर्न बाँकी छ ।

बर्डफ्लू नियन्त्रण समिति चितवनले निर्णय गरेपछि थप ती ठाउँका पक्षी नष्ट गरिने उनले जानकारी दिए । ती सबै ठाउँको नमूनाको नतीजा बिहीवार आएको हो। जनशक्ति अभावका कारण काममा ढिलाइ भएको उनले बताए । यस अघि जिल्लामा पाँच ठाउँमा बर्डफ्लू देखिएको थियो ।

**बर्डफ्लू बढेपछि महानिर्देशकको टोली चितवनमा**

जिल्लामा बर्डफ्लू बढेपछि पशु सेवा विभागका महानिर्देशक डा.रामनन्दन तिवारीसहितको विज्ञ टोली यहाँ आएको छ। बर्डफ्लू नियन्त्रण समितिको आज यहाँ सम्पन्न बैठकमा तिवारीले देशभरको बर्डफ्लूको अवस्थाबारे जानकारी दिंदै



चितवन थप संवेदनशील बनेको बताए ।

हालसम्म देशभरका १३ जिल्लामा बर्डफ्लू देखिएको उनले जानकारी दिए। मोरङ, सुनसरी, उदयपुर, बारा, पर्सा, धनुषा, काठमाडौं, भक्तपुर, ललितपुर, सिन्धुपाल्चोक, चितवन, मकवानपुर र कास्कीमा बर्डफ्लू देखिएको हो । ती जिल्लामा ८८ हजार ८०० पक्षी मारिएको, ५१ हजार ७६३ अन्डा नष्ट गरिएको, ३० क्विन्टल २१ किलो दाना र २० किलो मासु नष्ट गरिएको उनको भनाइ छ ।

सरकारले दिने राहत रकमको सरदर हिसाब गर्दा आजसम्म रु आठ करोडभन्दा बढी भएको र विभागसँग रु एक करोड २१ लाख मात्रै बजेट रहेको बताए । यद्यपि प्रदेश र सङ्घका निकायहरूले राहात रकम उपलब्ध गराउने विश्वास दिलाउँदै यथाशक्य छिटो पक्षी नष्ट गर्न निर्देशन दिए । यसका लागि व्यवसायी, प्रशासन र सरोकारवालाहरूको सहयोग आवश्यक भएको उनको भनाइ थियो।

बैठकमा पोल्ट्री महासङ्घका उपाध्यक्ष टीकाराम पोखरेलले कुखुरा बिक्री गर्नु पहिले परीक्षणका लागि आवश्यक किट उपलब्ध गराउन अनुरोध गरे । रोग फैलिंदै जाँदासमेत सरकारी तवरबाट काममा ढिलासुस्ती भएको भन्दै उनले तीव्ररूपमा पक्षी नष्ट गर्न र परीक्षण गर्न अनुरोध गरे ।

बैठकले बर्डफ्लू नियन्त्रण गर्न आवश्यक जनशक्ति तथा स्रोत साधन परिचालन गरी रोग अन्यत्र फैलिन नदिन सो क्षेत्रको ७ किलोमिटरभित्र रोगको निगरानी जारी राख्ने निर्णय गरेको छ। बर्डफ्लू नियन्त्रण नियमावली २०७८ को नियम ११ अनुसार नष्ट गरिएका पक्षी तथा पक्षीजन्य पदार्थ उत्पादन सामग्रीको हानि–नोक्सानी भएको व्यक्तिलाई राहत दिन पशु सेवा विभाग र कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको उनले बताए ।

# किशोरीहरूलाई डिजिटल मार्केटिङसम्बन्धी तालीम




तस्वीरः प्रतीक

प्रस, पोखरिया, १८ चैत/

पोखरिया नगरपालिकाको आयोजनामा किशोरीहरूको लागि ६ दिने डिजिटल मार्केटिङसम्बन्धी तालीम शुक्रवार सम्पन्न भएको छ ।

समापन कार्यक्रम पोखरिया नपाकी उपप्रमुख सलमा खातुनको अध्यक्षता तथा स्थानीय समाजसेवी वचन श्रीवास्तवको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रममा वुमन स्कील सेन्टरकी अध्यक्ष चञ्चला दास, मातेश्वरी ट्राभल्सकी अध्यक्ष दीपिका कार्की, प्रशिक्षक हिमांशु वर्णवाललगायतको सहभागिता थियो ।

नगरमा रहेका किशोरीहरूलाई आधुनिक प्रविधिबारे जानकारी गराएर उनीहरूको व्यक्तित्व विकास गर्ने र रोजगारको लागि क्षमता अभिवृद्धि गराउने उद्देश्यले नगरपालिकाले ६ दिने तालीम आयोजना गरेको उपप्रमुख खातुनले बताइन् ।

# गिरीश गिरीद्वारा लिखित पुस्तक सत्यमोहनको वीरगंजमा परिचर्चा

प्रस, परवानीपुर, १८ चैत/




तस्वीर सौजन्यः राजन श्रीवास्तव

पत्रकार एवं साहित्यकार गिरीश गिरीद्वारा लिखित सत्यमोहन पुस्तकको वीरगंजमा परिचर्चा गरिएको छ । वीरगंज, ठाकुरराम बहुमुखी क्याम्पसको सभाहलमा परिचर्चा कार्यक्रम आयोजना गरिएको थियो । वीरगंज घर भएका लेखक गिरीले काठमाडौंमा पुस्तक विमोचनपश्चात् गृह जिल्लामा परिचर्चा कार्यक्रम आयोजना गरेका हुन्। पाठशाला नेपालको आयोजनामा भएको कार्यक्रममा लेखक गिरीले संस्कृतिविद् तथा शताब्दी पुरुष सत्यमोहन जोशी (१०३)को जीविनी र पुस्तकमा लेखिएको भोगाइबारे सङ्क्षेपमा जानकारी गराएका थिए । “मैले स्वयं काठमाडौंमा बसेर पत्रकारिता गरिरहँदा दैनिक सांस्कृतिक विषयमा कलम चलाउनुपर्दा संस्कृतिविद् सत्यमोहन जोशीको कोट लिनुपर्ने हुन्थ्यो”–उनले भने–“त्यसरी म उहाँसँग नजीकिंदै गएको हुँ,पछि उहाँबाट र अरूबाट पनि उनको जीवनी गिरीशले लेख्दा राम्रो हुने प्रतिक्रिया आएपछि पुस्तक लेख्न शुरू गरें ।” उनले संस्कृति संरक्षण तथा प्रवर्द्धनमा गरेको योगदान तथा साहित्यमा गरेको योगदानको कारण तीनपटक मदन पुरस्कारबाट सम्मानित भइसकेका र शताब्दी पुरुषको सम्मान पनि थापिसकेका व्यक्तिको जीवनी लेख्न पाउनु खुशीको कुरा भएको बताए । उनले सत्यमोहन जोशी, राष्ट्रप्रति समर्पित सच्चा नायकको कथा नै पुस्तकमा वर्णन गरेको चर्चासमेत गरे । पाठशाला नेपालका अध्यक्ष बालगोपाल थापाको अध्यक्षता तथा पत्रकार केसी लामिछानेको सहजीकरणमा सम्पन्न कार्यक्रममा वरिष्ठ साहित्यकार कुमार नगरकोटी, बूक हिल प्रकाशनका निर्देशक भूपेन्द खडकालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा उद्योगी तथा साहित्यकार गाणेश लाठले स्वागत गरेका थिए । बूक हिल काठमाडौंले प्रकाशन गरेको ३०८ पृष्ठको पुस्तकको प्रिन्ट मूल्य ८ सय राखिएको छ । पुस्तकको गत १९ मार्च काठमाडौंमा विमोचन गरिएको थियो ।


**वीरगंज महानगरपालिकाद्वारा**

**जनहितमा जारी सन्देश**

यस महानगरपालिका अन्तर्गत यस आर्थिक वर्षमा तिनुपर्ने एकीकृत सम्पत्ति कर तथा व्यवसाय नवीकरण गर्दा यही चैत मसान्तसम्म ५ प्रतिशत छुट प्रदान गरिएको सम्पूर्ण करदाताहरूलाई सूचित गरिन्छ ।



**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# जलवायु परिवर्तनका कारण महिलामा परेको असर कम गर्न गम्भीर बनौं –मुख्यमन्त्री राउत

जनकपुर, १८ चैत/रासस

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले जलवायु परिवर्तनका कारण महिलामा परेको असर कम गर्न सबै पक्ष गम्भीर बन्नुपर्ने बताएका छन् । साथसाथै संस्थाले आज जनकपुरधाममा आयोजना गरेको जलवायु परिवर्तनको असर र महिलामा पारेको प्रभाव विषयक कार्यक्रममा उनले जलवायु परिवर्तनका कारण महिला बढी जोखिममा रहेकाले त्यस विषयमा सबै पक्ष जिम्मेवार भएर सोच्नुपर्ने बताए ।



तस्वीरः प्रतीक

आर्थिक, सामाजिक र राजनीतिक गतिविधिमा महिलाको सहभागिता बढाउन सकिए महिलामाथि हुने हिंसा र अन्यायमा कमी ल्याउन सकिने उल्लेख गर्दै मुख्यमन्त्री राउतले महिलाको सबै निकायमा सहभागिता सुनिश्चित गर्न प्रदेश सरकारले आरक्षणको व्यवस्था गरेको बताए । सामाजिक बनोट, पुरातनवादी चिन्तन र पितृसत्तात्मक सोचका कारण अझै महिलाको सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा पहुँच पुग्न नसकेको जिकीर गर्दै मुख्यमन्त्री राउतले सबैले आफ्नो पुरानो सोच र चिन्तनमा परिवर्तन ल्याउनु आवश्यक रहेको बताए ।

मधेस प्रदेशमा सबैभन्दा बढी जनसङ्ख्या हुनु र वन जङ्गलको क्षेत्रफल कम हुनु चिन्ताको विषय भएको चर्चा गर्दै उनले चुरे क्षेत्रमा हुने बालुवा, गिट्टी, ढुङ्गा उत्खनन नियन्त्रण गर्ने निकायको भूमिका फितलो भएका कारण तराई मधेस क्षेत्र बढी जोखिममा परेको बताए ।

"एकातिर तीव्ररूपमा वन फडानी, चुरेको दोहन र गिट्टी, ढुङ्गा उत्खनन भइरहेको छ भने अर्कोतिर त्यसलाई नियन्त्रण गर्ने, कानूनी कार्यान्वयन गर्ने निकायको भूमिका फितलो छ"– मुख्यमन्त्री राउतले भने–"जसका कारण तराई मधेसमा पानीको हाहाकार देखिन थालेको, उत्पादन घट्दै गएको र बर्सेनि बाढीको समस्या बढ्दै गएको छ ।" प्रदेश सरकारले चाहेर पनि नियन्त्रण गर्न नसकेको उनले बताए ।

सर्वोच्च अदालतका न्यायाधीश सपना मल्ल प्रधानले जलवायु परिवर्तनको असर हिमालदेखि तराईसम्म परेको भए पनि सबैभन्दा बढी तराई–मधेसका महिलामा प्रभाव परेको बताए ।

उद्देश्यबारे प्रकाश पार्नुका साथै संस्थाकी अध्यक्ष रचिता कार्कीले महिलाले पनि जोखिमपूर्ण कार्य गर्न सक्छन् भन्ने सन्देश प्रवाह गर्न अगुवा महिलाको समूहले हालै काला पत्थरसम्म पदयात्रा गरेको जानकारी दिइन् । त्यही यात्राका क्रममा १० बुँदे घोषणापत्र जारी गरेको जानकारी गराउँदै उनले घोषणापत्रकै मर्म र भावना अनुसार जलवायु परिवर्तनका कारण हिमालमा परेको असरको सन्देश मधेसमा र मधेसमा परेको प्रभावको सन्देश हिमालमा प्रवाह गर्न पदयात्रापश्चात् पहिलो पटक मधेसमा कार्यक्रम गरिएको बताइन् ।



## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेला ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियार रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## स्वाभिमान यात्राको तयारी पूरा

प्रस, वीरगंज, १८ चैत/

लोकतान्त्रिक समाजवादी पार्टी पर्साले शनिवार चैत १९ गते आयोजना गर्ने स्वाभिमान यात्राको तयारी पूरा भएको बताएको छ ।

प्रदेशसभा सदस्य तथा पर्सा जिल्ला पर्यवेक्षक रमेश पटेलले पार्टी अध्यक्ष महन्थ ठाकुरलगायत नेताहरू राजेन्द्र महतो, अनिल झा, सर्वेन्द्रनाथ शुक्लालगायतले सम्बोधन गर्ने स्वाभिमान यात्राको तयारी पूरा भएको बताएका छन् । उनले शनिवार ११:३० बजे वीरगंज चिनी कारखानाको आवास क्षेत्रदेखि स्वाभिमान यात्रा निकालिने र नगर परिक्रमापछि नगरसभागृहमा कार्यक्रम आयोजना हुने बताए ।

पार्टीका जिल्ला अध्यक्ष पुरुषोत्तम झाले मधेसी र उत्पीडितको स्वाभिमानको प्रतीक 'स्वाभिमान यात्रा' आयोजना गरिएको र अधिकार, पहिचानको लडाइँलाई कार्यक्रमले थप उचाइमा पुऱ्याउने बताए ।

स्वाभिमान यात्रामा जिल्लाभरिका नेता, कार्यकर्तालाई सहभागी हुन लोसपा वीरगंज महानगरका अध्यक्ष ओमप्रकाश सर्राफले आह्वान गरेका छन् ।

### पर्सामा ९१ जनामा हात्तीपाइले....

नगरपालिकामा ५, जगरनाथपुर गापामा १, धोबिनी गापामा २, पर्सागढी नपामा २, सखुवापरसौनी गापामा ५, कालिकामाई गापामा १४, ठोरी गापामा २, पकहामैनपुर गापामा ५, बहुदरमाईमा ४, छिपहरमाई गापामा २, पटेर्वासुगौली गापामा ५ र जीराभवानी गापामा ५ जना हात्तीपाइले रोगी रहेको जानकारी दिए । सन् २०३५ सम्म नेपालबाट हात्तीपाइले रोग निर्मूल पार्ने नेपाल सरकारको उद्देश्य रहेको मण्डलले बताए ।

कार्यक्रम नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको थियो ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | नेपाल भारत मैत्री रेडियो श्रोता स्थापना दिवस | | घण्टाघर | ७:०० |
| २) | लोसपा | स्वाभिमान यात्रा | वीचिकाली आवास क्षेत्र | ११:३० बजे |

# खेलकूदको संसार

## जितपुरसिमरा गोल्पकप फाइनलः एपिएफ र एनआरटी भिड्ने, दुवै टिम उपाधि कब्जाको रणनीतिमा

प्रस, वीरगंज, १८ चैत/

जगदम्बा १२औं जीतपुरसिमरा गोल्डकपको उपाधिका लागि शनिवार विभागीय टोली नेपाल एपिएफ क्लब र न्युरोड टिम (एनआरटी) भिड्दैछन् । सिमरा रङ्गशालामा हुने अन्तिम भिडन्तमा दुवै टोली उपाधि जित्ने दाउमा छन् । दुवै टोलीका लागि यो उपाधि महत्त्वपूर्ण छ ।

जारी सिजनमा एपिएफले दोस्रो उपाधि उचाल्न खोज्दा एनआरटी पहिलो उपाधि आफ्नो नाम लेखाउने रणनीतिमा छ । यस अघि माघमा सम्पन्न २० औं आहा रारा गोल्डकप फाइनलमा मनाङलाई टाइब्रेकरमा पराजित गर्दै एपिएफले सिजनको पहिलो उपाधि जितेको थियो ।




आहा राराबाहेक एपिएफको यो चौथो प्रतियोगिता हो । झापा र वाग्मतीमा भएको प्रतियोगितामा पराजित हुँदै एपिएफ जीतपुरसिमरा गोल्डकपको फाइनलसम्मको यात्रामा छ ।

एनआरटीले भने जारी सिजनमा खेलेको यो तेस्रो प्रतियोगिता हो । सिमरा आउनु अघि एनआरटीले सुदूरपश्चिम खप्तड गोल्डकप र वाग्मती गोल्डकपमा भाग लिएको थियो ।

दुवै प्रतियोगितामा एनआरटीका लागि वाग्मती बाधक बनेको थियो । वाग्मतीसँग दुईवटा प्रतियोगितामा पराजित हुँदै सिमरा आइपुगेको एनआरटी पहिलो खेलमा विजय युथ क्लब हेटौंडा र दोस्रो खेलमा आयोजक जनजागृति युवा क्लबलाई पन्छाउँदै उपाधि होडमा उभिएको हो ।

एपिएफले भने फाइनलको यात्रा तय गर्ने क्रममा हिमालयन शेर्पा क्लब र वाग्मती युवा क्लबलाई पराजित गरेको थियो । जीतपुरसिमरा गोल्डकप १२ औं संस्करणसम्म आइपुग्दा ११ वटा संस्करणमा भाग लिएको एपिएफले उपाधि उचाल्न सकेको छैन । दोस्रो संस्करणमा फाइलनमा पुगेको एपिएफ हिमालयन शेर्पासँग पराजित हुँदै उपविजेता बनेको थियो ।

एक संस्करणबाहेक अन्य ११ संस्करणमा निरन्तर सहभागी हुँदै आएको एपिएफका लागि जीतपुरसिमरा गोल्डकपको उपाधि महत्त्वपूर्ण छ । त्यसैले पनि एनआरटीलाई हराएर एपिएफ पहिलोपटक गोल्डकपको उपाधि उचाल्न चाहन्छ ।

एपिएफका प्रशिक्षक कुमार थापाले यसपटक जीतपुरसिमरा गोल्डकपमा आफ्नो नाम लेखाएर फर्कने बताए । लामो समयसम्मको सहभागितामा पनि उपाधि जित्न नसक्दा निराश रहेको भन्दै थापाले यसपटक उक्त अवसर प्राप्त भएकोले १२औं संस्करणको विजेता बन्नेमा ढुक्क रहेको बताए ।

सिमरामा आज आयोजित प्रिम्याच कन्फ्रेन्समा बोल्दै उनले उपाधि उचाल्ने बताइँरहदा एनआरटीका प्रशिक्षक राजुकाजी शाक्यले भने आफ्नै टिमले जित्ने दाबी गरे । एपिएफ बलियो टोली भए पनि एनआरटी कमजोर नरहेको शाक्यको भनाइ थियो ।

शाक्यले यो सिजनको उपाधि जीतपुरसिमरा गोल्डकप उचालेर घर फर्कने बताए । उनले एनआरटीका लागि यो उपाधि निकै महत्त्वपूर्ण रहेको बताएका छन् ।

ए डिभिजन लिगबाहेक जारी सिजनमा एपिएफ र एनआरटीको यो पहिलो भेट हो । काठमाडौंमा सम्पन्न लिगमा दुवै टिमले ३–३ को बराबरी खेलेका थिए । लिगपछि मोफसलको प्रतियोगितामा पहिलोपटक भेट्न लागेका दुई टिमबीचको खेल रोमाञ्चक हुने अपेक्षा छ । आयोजक दुवै टिमका प्रशिक्षक पनि फाइनल भिडन्त रोमाञ्चक हुने बताउछन् ।

एनआरटीका कप्तान रन्जन बिष्ट पनि उपाधि जित्नैपर्ने अवस्थामा रहेकाले एपिएफको चुनौती सामना गर्न तयार रहेको बताउँछन् । एपिएफ सशक्त टिम भए पनि आफ्नो टिमका खेलाडी विपक्षी टिम अनुसारको रणनीति बनाएर मैदानमा उत्रने बिष्टले बताए ।

यता एपिएफका कप्तान नवीन लामा अब उपाधिका लागि धेरै बेर पर्खन नसक्ने बताउँछन् । धेरै वर्षको सहभागितामा पनि उपाधि जित्न नसक्दा दुःख लागेको भन्दै लामाले टिम र आफ्नो लागि उपाधि महत्त्वपूर्ण रहेको बताए । एपिएफले पनि आफ्नो नियमित खेलाडीलाई निन्तरता दिने कप्तान लामाले बताएका छन् ।

## टी–२० क्रिकेट सिरिज : पपुवा न्युगिनीद्वारा मलेसिया पराजित

काठमाडौं, १८ चैत/रासस

त्रिकोणात्मक टी–ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिजमा पपुवा न्युगिनीले मलेशियालाई पराजित गरेको छ । पपुवा न्युगिनीले मलेशियालाई आठ विकेटले हराएको हो । मलेशियाले दिएको १९७ रनको लक्ष्य पपुवा न्युगिनीले १७.५ ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ थालेको मलेशियाले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १९६ रन बनायो । मलेशियाका लागि सैयद अजीजले सर्वाधिक ६४ रनको योगदान दिए । उनले ३५ बलमा ८ चौका र ३ छक्का प्रहार गरे । त्यस्तै कप्तान अहमद फैजले ६३ रनको योगदान दिए । उनले ४३ बल खेल्ने क्रममा ५ चौका र ३ छक्का हाने । जुबैद जुल्किफ्लीले २२ बलमा ४ चौका र ४ छक्कासहित ४६ रन तथा विरनदीप सिंहले १५ बलमा एक चौकासहित १० रन बनाए ।

बलिङतर्फ पपुवा न्युगिनीका काबुआ मोरेआले ४ विकेट तथा चाद सोपर र राइली हेकुरेले एक/एक विकेट लिए ।

जवाफी ब्याटिङ गर्ने क्रममा पपुवा न्युगिनीका लागि टोनी उराले अविजित ८६ तथा कप्तान असाद भालाले अविजित ७४ रन बनाए । उराले ३४ बल खेल्दै १० छक्का र दुई चौका प्रहार गरे । यस्तै भालाले ५१ बलको सामना गर्दै एक छक्का र आठ चौका हाने । बलिङतर्फ मलेशियाका मुहमद वफिक र स्याज्रूल इद्रूसले एक–एक विकेट लिए ।

मलेशियाले शनिवार नेपालसँग खेल्नेछ । नेपाल भने यस अघि नै फाइनलमा प्रवेश गरिसकेको छ । जारी सिरिजमा नेपालले हालसम्म खेलेको तीनवटै खेलमा जित निकालेको छ ।

## पोखरियामा घुम्ती स्वास्थ्य शिविर

प्रस, पोखरिया, १८ चैत/

प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा पोखरिया नगरपालिकामा दुई दिने घुम्ती स्वास्थ्य शिविर सञ्चालन हुने उपप्रमुख सलमा खातुनले बताइन् ।

महिला स्वास्थ्य सुखी परिवार, गृह मन्त्रालयको नाराका साथै पाठेघर, मुख र स्तन क्यान्सरलगायत प्रजनन स्वास्थ्य, रूग्णताको पहिचान गर्न र सोसम्बन्धी उपचार गर्ने उद्देश्यले दुईदिने घुम्ती शिविर आयोजना हुने उनले बताइन् ।

घुम्ती शिविर अन्तर्गत पोखरिया नपा–३ वसन्तपुर स्वास्थ्य चौकीमा शुक्रवार घुम्ती शिविर सम्पन्न भएको छ । आज सम्पन्न घुम्ती शिविरमा ४८ जना महिलाको स्वास्थ्य परीक्षण गरिएको र ६ जना महिलामा विभिन्नखाले समस्या देखिएको तथा उनीहरूको शल्यक्रिया गर्नुपर्ने उपप्रमुख खातुनले बताइन् ।

